# परिच्छेद – एक

## .परिचय

### १.१ अध्ययनको परिवेश

हाम्रो देशमा अनौपचारिक शिक्षा कार्यक्रम प्राचिनकालबाट नै सुरु भएको पाइन्छ । प्राचिन कालमा शुरु भएको गुरुकुल शिक्षा, वि.स २००४ साल बाट शुरुभएको आधार शिक्षा, २००७ सालबाट शुरु भएको अनौपचारिक शिक्षा वि.सं. २०१३ सालको प्रथम पञ्च वर्षिय योजना बाट शुरु भएको तीन महिने प्रौढ शिक्षा सबै अनौपचारिक शिक्षाका रुपमा लिन सकिन्छ । वर्तमान समयमा ११ स्वरुपका अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनमा आएका छन् । ति मध्येमा आधारभूत प्रौढ साक्षरता कार्यक्रममा (१५ देखि ४५ वर्ष उमेरका प्रौढका लागि सञ्चालन गरिएको) आधारीत भई यो अध्ययन गरिएको छ । आधारभूत प्रौढ साक्षरता कार्यक्रममा पनि महिलाको उपस्थीती कस्तो छ भनि हेर्ने र महिलामा यो कार्यक्रममा सहभागि भएपछि के कस्तो व्यवहारिक परिवर्तन भयो भनि हेर्नका लागि अध्ययन गरिएको छ ।

नेपाल सरकारले वि.सं. २०६५/६६ देखि दुई वर्ष भित्रमा मुलुकका ७८ लाख प्रौढलाई साक्षर बनाउने अभिप्रायले राष्ट्रिय साक्षरता अभियान २०६५ शुरु गरेको थियो । आर्थिक वर्ष २०६६/६७ को बजेटमा सबै नेपालीलाई साक्षर बनाई देश विकासमा सहयोग गर्न सरकारले **"साक्षर बनौं, साक्षरता वढाउँ"** कार्यक्रमका साथ आगामि दुई वर्ष भित्रमा सबै नेपाली साक्षर हुने गरि निरक्षरता कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ (अनौपचारीक शिक्षा केन्द्र,२०६६) ।

सरकारले जे जस्ता नीति लिएतापनि ती नीतिले कस्तो उपलब्धि हासिल गरेको छ भनि प्रत्यक्ष क्षेत्रमा गई अध्ययन गर्नु पर्ने हुन्छ । यसै सन्दर्भमा महिलाहरु विकासको समान गतिमा आउन नसकेको अवस्थामा सरकारले बिभिन्न एघार प्रकारका प्रकृतिका अनौपचारिक शिक्षा कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ । ती कार्यक्रममा महिलाको उपस्थीति कस्तो छ अनि उपस्थित महिलामा कस्तो किसिमको व्यवहारिक परिवर्तन ल्याएको छ भनि जानकारी लिनका लागि यो अध्ययन गरिएको हो । प्रौढ शिक्षा कार्यक्रममा महिलाको उपस्थिती अवस्था कस्तो छ र महिलामा शिक्षाको प्रभाव स्वरुप के कस्तो विकासात्मक परिवर्तन भए तिनको बारेमा यस अध्ययनले प्रष्ट पार्ने कोशिस गरेको छ ।

### १.२ अध्ययनको पृष्ठभूमि

शिक्षाको ऐतिहासिक पृष्टभूमिलाई केलाउदा सर्वप्रथम सन् १९१९ मा A.L Smith द्धारा प्रौढ शिक्षाको सुरुवात गरेपछि अनौपचारिक शिक्षाको विकासमा योगदान पुगेको पाईन्छ । सन् १९४० तिर मनोवैज्ञानिक कार्ल रोजरको अनौपचारिक शिक्षा सम्बन्धि वकालत गरेका थिए (विष्ट,२०६५) । अनेक प्रकारले अगाडि बढेको प्रौढ शिक्षा कार्यक्रम अन्तराष्ट्रिय जगतमा कार्यमुलक, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा , मौलिक शिक्षा , स्कूल बाहिरको शिक्षा, आजीवन शिक्षा आदि विभिन्न रुपमा विकाश हुदै गयो । मुख्यगरि निरक्षरता उन्मूलन सम्बन्धि प्रौढहरुलाई, औपचारिक शिक्षाको अवसरहरु बाट वञ्चित हुन पुगेका व्यक्तिलाई अनौपचारिक शिक्षाका अवसरहरु विस्तार गर्ने किसिमको शिक्षाको संरचना र हुनुपर्ने सिफारिस वि.सं. २०४९ सालको शिक्षा आयोगको प्रतिवेदनले व्यक्त गरेको छ ।

वि.सं. २०४९ को शिक्षा आयोगको प्रतिवेदनमा उल्लेखित अ.शि. का तहहरु

- आधारभूत तह : राष्ट्रिय स्तरमा निर्धारण गरिएको साक्षरता तहलाई आधारभूत तह मानिन्छ । बालशिक्षा , प्रौढ शिक्षा , चेलिबेटी कार्यक्रम आदि यस तहमा पर्दछन् । यसलाई कक्षा ३ सरह मान्नुपर्ने सिफारीस गरिएको छ ।
- मध्यम तह : आधारभूत तह पूरा गरिसकेपछि यो तहमा प्रवेश पाउनुपर्छ । यो तह औपचारिक शिक्षा तर्फको कक्षा ५ सरह मानिनु पर्छ ।
- उच्च तह : यसलाई स्व–अध्ययन तह भनिन्छ । यसलाई लक्षित समूहका चरण र आवश्यकता अनुसार प्रवेश परीक्षामा सम्मिलित गराई निम्न माध्यमिक तह देखि उच्च माध्यमिक शिक्षासम्म योग्यता अनुसार व्यक्त गर्नु पर्छ ।

हाम्रो देश नेपालको सन्दर्भमा प्रौढ शिक्षा कार्यक्रम अर्न्तगत महिला शिक्षा, साक्षरता कार्यक्रम, साक्षरोत्तर कार्यक्रम, आयमूलक कार्यक्रम विभिन्न सरकारी निकाय तथा गैर सरकारी निकायहरुबाट सञ्चालन गरिदै आएका छन् । यस अध्ययनमा उल्लेख कार्यक्रम मध्ये विगत लामो समयदेखि सञ्चालित हुदै आएका प्रौढ शिक्षा कार्यक्रम जसले १५–४५ वर्ष सम्मका प्रौढहरुलाई फुर्सदको समयमा दिनको २ घण्टाको दरले ६ महिनासम्म उनिहरुको पायक पर्ने ठाउँमा सञ्चालन गरि तालिम प्राप्त सहयोगी कार्यकर्ताले यो कार्यक्रम सञ्चालन गर्ने गरेको पाइन्छ । निरक्षर प्रौढहरु मध्येमा पनि महिला प्रौढका लागि यो कार्यक्रमले कस्तो प्रभाव पारेको छ भन्ने जानकारीका लागि अध्ययन गरिएको । सहयोगी कार्यकर्ताले "नयाँ गोरेटो" पहिलो र दोस्रो पाईलाको माध्यमबाट साक्षरता कार्यक्रम सञ्चालन गरिरहेका छन् । त्यस्ता कक्षाहरुमा सहभागि महिलाहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा शिक्षा हासिल गर्न सक्दछन् । सामान्यतया विद्यालय व्यवस्था भन्दा बाहिर निर्धारित उद्देश्य प्राप्त गर्नका लागि क्रमबद्ध रुपमा निर्माण

गरिएको पाठ्यक्र्मका आधारमा व्यवस्थीत ढंगबाट दिइने शिक्षा अनौपचारिक शिक्षा हो ( ढकाल,२०६५) ।

राष्ट्रिय शिक्षा नीति अनुरुप साक्षरता, साक्षरोत्तर शिक्षा तथा सिपमूलक शिक्षा अभिवृद्धि र विस्तारका लागि अनौपचारिक शिक्षाका समग्र पक्षहरु समेटि वार्षिक कार्ययोजना तथा कार्यक्रम निर्माण गरि सुव्यवस्थित रुपमा अधिराज्यभर लागु गर्नु यस अनौपचारिक शिक्षा केन्द्रको मुल उदेश्य रहेको छ । उपर्युक्त उद्देश्य प्राप्तिका लागि यस केन्द्रबाट अपनाइएको कार्यविधि यस प्रकार छनः

- साक्षरता कार्यक्रमबाट साक्षर भैसकेको प्रौढ तथा बालबालिकाहरुलाई सिकेका कुरा बिर्सन नदिन, सिकेका कुराहरु व्यवहारमा ल्याउन सहयोग पुर्‍याउन र थप ज्ञान हासिल गर्न सक्षम बनाउन साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्ने ।
- अनौपचारिक शिक्षामा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था समन्वय र कार्यक्रममा दोहोरोपन हटाउन आवश्वयक व्यवस्था मिलाउने ।
- अनौपचारिक शिक्षाका लागि आवश्यक सबै किसिमका प्राविधिक जनशक्ति पाठ्यसामग्री आदि सुनिश्चित गर्ने व्यवस्था मिलाउने ।
- शिक्षाको आवश्यकता महशुस गरी कार्यमुलक प्रौढ शिक्षा दिलाउन UNESCO ले विश्वका विभिन्न मुलुकहरुलाई ठुलो सहयोग गरेको छ । प्रौढ शिक्षा र कार्यमूलक प्रौढ शिक्षाले सामान्य लेखपढ र साधारण हिसाबमा जोड दिइएको छ (प्राध्यापक संगठन, २०६६) ।

हाम्रो देशमा सञ्चालन भएका अनौपचारिक शिक्षा कार्यक्रममा महिलाहरुको कस्तो सहभागिता रहेको छ भनि हेर्नका लागि यो अध्ययन गरिएको छ । नेपाल सरकारले आर्थिक बर्ष २०६५/६६ देखी २ बर्ष भित्रमा मुलुकका ७८ लाख प्रौढलाई साक्षर बनाउने अभिप्रायले राष्ट्रिय साक्षरता अभियान २०६५ सुरु गरीएको थियो (प्राध्यापक संगठन, २०६६) ।

हाम्रो देशमा कुल जनसंख्यायाको झण्डै ५१ प्रतिशत महिलाको संख्या रहेका छ । महिलाको हकमा शिक्षाले त्यति स्थान पाएको पाइदैन । यति ठुलो संख्यामा रहेका महिलामा शिक्षा तथा विकासको खुड्किलोबाट टाढा रहेको विभिन्न अध्ययन, प्रतिवेदन बाट जानकारी हुन्छ (विष्ट, २०६१) । यसरी महिलाको शैक्षिक स्थितीको जानकारी लिनका लागि प्रौढहरुका लागि सञ्चालन गरिएका अनौपचारिक शिक्षा कार्यक्रमले कस्तो प्रभाव पारेको छ ? उनिहरुको कस्तो सहभागिता रहेको छ, भन्ने जानकारी लिनका लागि यो अध्ययन गर्न लागिएको छ ।

## १.३ समस्याको कथन

ह्मम्रो देशमा अनौपचारिक शिक्षाको इतिहास निकै लामो भएतापनि  यसको उल्लेखनिय प्रगति गर्न सकिएको छैन । गाउँ शहर जहाँ पनि अनौपचारिक प्रौढ शिक्षाका कक्षाहरु संचालन भएपनि त्यसले यथोचित परिणाम ल्याउन सकेको छैन । प्रजातन्त्र प्राप्त हुदाको बखत नेपालमा २ प्रतिशत जनसंख्या मात्र साक्षर थिए (शर्मा, २०४३) । वि.स.२०४६ सालमा ४० प्रतिशत, २०५४ सालमा ४८ प्रतिशत साक्षर भएको तथ्याङ्क छ । यस अर्थमा ९० लाख जनसंख्या अझपनि निरक्षर रहेका छन् । प्रतिवर्ष ५ लाख साक्षरता कार्यक्रममा सहभागि हुन्छन् । तिनीहरु मध्ये ३ प्रतिशत साक्षर बनाइन्छ । विगत केहि वर्षदेखि अनौपचारिक शिक्षा कार्यक्रमको प्रचार प्रसार र यसका विभिन्न पक्षहरुको संलग्नता सक्रियता बढिरहेको  भएता पनि नेपालले अर्न्तराष्ट्रिय क्षेत्रमा व्यक्त गरेको राष्ट्रिय प्रतिबद्धता अनुरुप सन् २००० सम्म ६७ प्रतिशत पुर्‍याउनको निमित्त विशेष प्राथमिकता साथ अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्नु गराउनु आजको आवश्यकता भएको छ (अभिभावक संगठन,२०६६) ।

आर्थिक वर्ष २०६६/०६७ को बजेट मा सबै नेपालीलाई साक्षर बनाई देश विकास गर्न सरकारले “साक्षर बनौ क्षमता बढाउँ” कार्यक्रममा साथ आगामि दुई वर्ष भित्रमा सबै नेपाली साक्षर हुने गरि निरक्षरता उन्मुलन कार्यक्रमा सञ्चालन गरिरहेको छ । यसका लागि स्थानिय निकाय ,विद्यालयका शिक्षक र स्थानिय राजनितिक दलहरुको सहभागितामा सञ्चालन गरिने भएको छ (अनौपचारिक शिक्षा केन्द्र,२०६६) ।

हाम्रो देश नेपालमा शिक्षा सम्बन्धि जे जस्ता कार्यक्रम सञ्चालन गरेको भएता पनि महिलाहरु अझपनि शिक्षाको पहुचबाट टाढा नै रहेको विभिन्न अध्ययनका प्रतिवेदन तथा तथ्याङ्कबाट जानकारी हुन्छ । सरकारका यस्ता कार्यक्रममा महिलाको उपस्थितीको अवस्था कस्तो छ, अनि महिलाको उपस्थितका कारण महिलामा के कस्तो व्यवहारिक परिवर्तन भएको छ भनि जानकारी लिनका लागि यो अध्ययन गरिएको छ । कतिपय प्रौढ कक्षामा भर्ना भएर पनि महिलाहरुले विचैमा कक्षा छाड्ने तथा निरन्तर कक्षामा उपस्थित नहुने गरेको विभिन्न अध्ययनले प्रकाशन गरेका प्रतिवेदनले प्रष्ट पारेको पाइन्छ । यसरी महिलाको उपस्थिती न्यून हुनुको कारण के हो र ती कारणलाई कसरी समाधान गर्न सकिन्छ भनि जान्नका लागि यो अध्ययन गरिएको छ ।

### १.४ अनुसन्धानात्मक प्रश्न

कुनैपनि अध्ययनलाई उपयोगी र सार्थक बनाउनका लागि अनुसन्धानात्मक प्रश्न बनाउनु पर्छ । यस अध्ययनलाई पनि सार्थक र सहज बनाउनका लागि अनुसन्धानात्मक प्रश्न तयार पारिएका छन् । यस अध्ययनको उद्देश्य प्राप्तीको लागि निम्न अनुसन्धानात्मक प्रश्नहरुले सहयोग गर्ने अपेक्षा गरीएको छ ।

- प्रौढ शिक्षामा महिलाहरुको सहभागिता कस्तो छ ?
- सहभागिता मध्येमा १५ देखि ३० वर्ष उमेर समूहका महिलाको सहभागिता कस्तो रहेको छ ?
- महिलालाई प्रौढ शिक्षाका कक्षामा सहभागी हुन कस्ता समस्याको समाधान गर्नु परेको छ ?
- प्रौढ शिक्षाले महिलामा परिवर्तन ल्याएको छ ?
- महिलामा व्यवहारिक परिवर्तन के कस्ता पक्षमा भएको छ ?
- अनौपचारिक शिक्षामा सहभागी हुन महिलाका परिवारबाट सहयोग प्राप्त भएको छ ?

### १.५ अध्ययनका उद्देश्यहरु

कुनैपनि कार्य सञ्चालन गर्दा निश्चित उदेश्य निर्धारण गरिन्छ, ति उद्देश्य प्राप्त गर्नका लागि विभिन्न क्रियाकलाप सञ्चालनमा ल्याइन्छ । यस्तै गरि यो अध्ययनमा पनि तल उल्लेख गरिएका उद्देश्य प्राप्त गर्नका लागि सञ्चालन गरिएको छ ।

- नवलपरासी जिल्लाको रामग्राम नगरपालिकामा सञ्चालित अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाको सहभागिताको वर्तमान स्थिति पत्ता लगाउने ।
- प्रौढ शिक्षा कार्यक्रममा सहभागी महिलामा देखापरेका परिवर्तन पहिचान गर्ने ।

### १.६ अध्ययनको औचित्य

यो अध्ययन एम.एड द्धीतिय वर्षको बिशिष्टिकरणीय विषयको पाठ्यभार पूरा गर्नको लागि गरिएकोभएता पनि यस अध्ययनको माध्यमबाट अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमका लागि निम्न लिखित कुराहरुमा मद्दत पुर्‍याउने छ ।

- अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाहरुको सहभागिताको स्थिती पत्ता लगाई सुधारात्मक कार्य गर्न सकिन्छ ।

- अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाहरुको नियमितता नहुनुको कारणहरु पत्ता लगाई महिलालाई नियमित बनाउन सहयोग गर्ने छ ।
- अनौपचारिक प्रौढ कक्षामा महिला सहभागीले बिचैमा कक्षा छाड्ने र दोहोर्याउने प्रवृतिमा सुधार गर्न ।
- अनौपचारिक शिक्षा योजना निर्माण तथा कार्यान्वयनका लागि नीति निर्माण गर्न सहयोग गर्ने छ ।
- अनौपचारिक महिला प्रौढ शिक्षामा लगानी गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुलाई लगानीका आधारहरु प्रदान गर्ने छ ।
- प्रौढकालागि सञ्चालन गरिएको अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञान तथा सीपलाई व्यवहारीक जीवनमा उपयोग गर्न सहयोग गर्ने छ ।
- निरक्षरता उन्मूलन गर्न, गरिबी निवारण गर्न, कृषि उत्पादन वृद्धि गर्न, जनसंख्या बृद्धिदर नियन्त्रण गर्न, चेतना अभिवृद्धि गर्न,अनौपचारिक कक्षामा भर्नादर बढाउन तथा परम्परागत कु–संस्कारहरु हटाउन पनि यस अध्ययनले केहि मात्रामा सहयोग गर्ने छ ।

## १.७ अध्ययनको क्षेत्रको पृष्ठभूमि

कुनैपनि अध्ययनलाई सञ्चालन गर्नका लागि क्षेत्र निर्धारण गर्नु पर्छ । छनौट गरिएको क्षेत्रले सो समस्यालाई अंगालेको छ कि छैन भन्नेकुरा पूर्व निर्धारण गर्नुपर्छ । यो अध्ययन एम.एड. द्वितिय वर्षको आंशिक पाठ्यभार पूरा गर्नका लागि सञ्चालन गरिएको हो । यसर्थ अध्ययनका क्रममा अध्ययनकर्ता (म आफू स्वयं) लाई पायक पर्ने अनि विद्यार्थी जीवनको आर्थीक अवस्थाले थेग्न सक्ने हुनुपर्छ भन्ने मान्यतालाई आधार मानि म आफ्नै गृह जिल्ला नवलपरासी जिल्लालाई छनौट गरेको छु । नवलपरासी जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको तराई भागमा पर्ने एक जिल्ला हो । जुन चुरेपहाडको काखमा रहेको छ । पूर्वमा चितवन, पश्चिममा रुपन्देही, उत्तरमा पाल्पा र तनहू जिल्ला पर्छन भने दक्षिण तर्फ भारतको उत्तर प्रदेश पर्दछ ।

यसरी वास्तवमा भन्नुपर्दा नवलपरासी जिल्लामा वि.सं. २०५२ सालबाट विभिन्न रुपमा प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा आएका छन (जिल्ला अभिलेख, २०६४) । अनौपचारिक शिक्षा सञ्चालनमा रहेको जिल्लाको पनि वास्तविक क्षेत्र निर्धारण गर्दा नवलपरासी जिल्लाको सदरमुकाम रामग्राम नगरपालीकालाई अध्ययनको मूख्य क्षेत्र निर्धारण गरिएको छ । यो रामगग्रम नगरपालीका म स्वयं अध्ययनकर्ताको लागि पायक पर्ने स्थान रहेको छ । अनि छनौट गरिएको क्षेत्र अध्ययन गर्न लागिएको विषयका सम्पुर्ण आवश्यक सूचना प्राप्त हुने प्रकृतिको रहेको छ । अध्ययन क्षेत्रको मुख्य सिमाना पूर्वमा जहदा गा.वि.स. ,पश्चिममा हकुही गा.वि.स., उत्तरमा स्वाठी गा.वि.स. दक्षिणमा रमपूरवा गा.वि.स. पर्दछन । रामग्राम नगरपालिका पूर्ण रुपमा तराई

क्षेत्रमा पर्छ । यो क्षेत्रको दुई तर्फकै सिमानामा चुरेपहाडबाट उदगम भै बहने नदीहरु पर्दछन । पूर्वमा सोमनाथ (खोला) र पश्चिममा तूरिहा (खोला) रहेका छन् ।

## १.८ अध्ययनको परिसिमा

यो अध्ययन एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पुरागर्न तयार पारिने शोधपत्रका लागि गरिएको हो । यस अध्ययनलाई निर्धारण गरिएको क्षेत्रमा रहेर निम्नानुसारको कुराहरुमा सिमीत रहेर सञ्चालन गरिएको छ ।

- प्रस्तुत अध्ययन नवलपरासी जिल्लामा सिमीत रहेर गरिएको छ ।
- नवलपरासी जिल्लाको रामग्राम नगरपालीकामा संचालित प्रौढ कक्षाहरु मध्ये जम्मा चारवटा केन्द्रमा सिमीत रहेर गरिएको छ ।
- प्रौढशिक्षा सहयोगी कार्यकर्ताको वर्तमान स्थिती पत्ता लगाउन प्रश्नावली, व्यवहार अवलोकन फारम, प्रत्यक्ष अवलोकन जस्ता साधन प्रयोग गरिएको छ ।
- अध्ययनका लागि सूचनाको प्राथमिक स्रोतका रुपमा प्रौढ कक्षाका सहभागी महिला, सहयोगी कार्यकर्ता, प्रौढ कक्षामा सहभागीका अभिभावक, रहेका छन भने द्वीतिय स्रोतका रुपमा नगरपालीकाका अभिलेख, सहयोगीले लिएको हाजिरी आदि लाई लिईएको छ ।

## १.९ प्रयोग भएका शब्दहरुको परिभाषा

अनौपचारिक शिक्षा :

निश्चित शैक्षिक संस्था, शिक्षक, विद्याथी, को निर्धारण नगरी समाजको आवश्यकतालाई आधार मानेर अनि अनौपचारिक शिक्षा विभागले निर्धारण गरेको पाठ्यक्रममा आधारित रहि सहभागीको पायक पर्ने ठाउमा दिइने शिक्षा हो ।

एस. एल. सी. : कक्षा १० को अध्ययन पश्चात विद्यालय शिक्षा पुरा गरेका व्यक्तिलाई प्रदान गरिने उपाधी हो ।

औपचारिक शिक्षा : निश्चित पाठ्यक्रममा आधारित रहेर निश्चित स्थानमा, शिक्षक, विद्यार्थी, पाठ्यक्रमका आधारमा दिइने शिक्षा हो ।

आई.ए./आई. एड्. : हालको १०+२ पास भए सरहको प्रमाण पत्र तह जसलाई त्रिभूवन विश्व विद्यालयले सम्बोधनगर्दथ्यो ।

## परिच्छेद–दुई

## साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक ढाचाँ

अनौपचारिक शिक्षा सम्बन्धि विभिन्न किसिमका द्धितिय स्रोतबाट तथ्याङ्क प्राप्त भएको भएता पनि छनौट गरिएको शोधपत्रको विषय अनुसारका सूचना सम्बन्धित क्षेत्रमा गएर संकलन गर्न सकिने खालका छन् । यस अध्ययनमा प्रत्यक्ष रुपमा अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम सञ्चालन भै रहेको स्थानमा नै गएर सत्य तथ्य सूचना संकलन गरि निष्कर्ष निकालीएको छ ।

कुनैपनि समाजमा परिवर्तन आउनकालागि सो समाजमा अन्तर्विरोध हुनुपर्छ भनि कार्ल माक्र्स ले अर्न्तविरोधको सिद्धान्त (१८१८–१८८३) मा उल्लेख गरेका छन् । कार्ल माक्र्स(१८१८–१८८३) ले “आर्थीक निर्धारकको (Economic Determinant) नियमानुसार व्यक्तिको विचार चिन्तन र कार्य सामाजिक निर्धारक होइन तर आर्थिक संरचनाले व्यक्तिका विचार र क्रियाकलापलाई प्रभावित गर्दछ । यसैबाट सामाजिक व्यवस्थाको निर्माण र सामाजिक व्यवस्थाको निर्माण र सामाजिक व्यवस्थामा परिवर्तन आउछ (आचार्य, २०६६) । माक्र्सको यस सिद्धान्त अनुसार व्यक्तिका हरेक क्रियाकलापलाई अर्थले प्रभाव पार्छ । आर्थिक असमानताको कारण समाजमा २ वर्ग निर्माण हुन्छ । आर्थिक संरचनामा परिवर्तन हुने वित्तिकै विचार र चिन्तनमा परिवर्तन हुन्छ । उनको सो सिद्धान्तमा बिभिन्न नियम मध्ये *अर्न्तविरोधको विविधता नियम* यस अध्ययनको शीर्षक सँग मिल्दो रहेको छ । उनको सो नियममा उल्लेख भए अनुसार अर्न्तविरोध दुई किसीमले हुने गर्दछ । समाजमा शत्रुतापूर्ण अन्तर्विरोध र मित्रतापूर्ण अन्तर्विरोधको फलस्वरुप समाज परिवर्तन हुने गर्दछ । सोहि नियमका आधारमा अशिक्षितमा पनि शिक्षित सरह शिक्षाको पहुचमा ल्याउनका लागि सबै वर्ग बिच मित्रता पुर्ण व्यवहार सृजना गराई अनपढलाई पढ्नकालागि उत्प्रेरणात्मक सिकाई गराउन सकिन्छ (ढकाल, २०६५) ।

### २.२ साहित्यको पुनरावलोकन

शोधकार्य गर्न शोधको विषय सँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गर्नु ( सिंहावलोकन), समिक्षा गर्नु , त्यसलाई आधार विन्दु मानि अनुसन्धनात्मक कार्य अगाडि बढाउन उपयुक्त हुने भएकाले यस शोधकार्य लाई पनि वास्तविकता र प्रमाणिकता प्रदान गर्न सम्बन्धित अध्ययनहरुको सिंहावलोकन गरिएको छ ।

अनौपचारिक शिक्षा केन्द्र (२०६६) मा ***अनौपचारिक शिक्षाका मुद्धा र चुनौती*** विषयमा मुख्य पाचँवटा प्राप्ती प्रस्तुत गरिएको छ । सहभागीले बिचैमा कक्षा छाड्ने अनौपचारिक

शिक्षाका लागि प्रमुख चुनौतिका रुपमा रहेको छ । त्यस्तै सहभागितामुलक समावेशि पाठ्यपुस्तकको विकास गर्ने कार्य चुनौति देखिएको छ । अनौपचारिक शिक्षा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण फितलो रहेकाले छुट्टै संरचना विकास गर्नुपर्ने देखिन्छ । स्थानीय ग्रामिण क्षेत्रमा सञ्चालन गरिने अनौपचारिक प्रौढ शिक्षा सञ्चालन गर्ने सहयोगी कार्यकर्ता योग्य नपाइएको अवस्था रहेको छ । योग्य व्यक्तिका लागि आर्थिक स्रोतको अभाव देखिएकाले प्रभावकारी नरहेको देखिन्छ ।

कोइराला, १९८६ को ***नेपालमा अनौपचारिक शिक्षा कार्यक्रममा महिलाको सहभागीता*** नामको अध्ययन प्रतिवेदनमा नेपालमा अनौपचारिक शिक्षामा महिलाहरुको सहभागीताको स्थिती, उनिहरुका समस्याहरु एवं समाधानका उपाय उल्लेख गरेका छन् । जसमा महिलालाई घरयासी सिप विकास गर्न अनुगमनको आवश्यकता औल्याएको छ । त्यस्तै स्वास्थ्य र सरसफाई सिप सिक्दा सहभागीले संक्रमण रोग, तिनीहरुको लक्षण, उपचार सम्बन्धि अझ स्तरीय ज्ञान दिनुपर्ने देखिन्छ भनि उल्लेख गरेका छन् । त्यस्तै शिक्षा लिएका महिलाले कृषि, पशुपालन राम्रो सँग गर्न जानेको अनि महिला पनि बचत कार्यमा सहभागी भएको देखाएको छ ।

महिला उपर हुने लैङ्गिक भेदभाव समाप्त पार्ने क्रममा गरिएको प्रयास १० डिसेम्बर १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणा हो । यो घोषणा पत्र  जारी भएपछि पनि महिला उपर शोषण उत्पीडन र विभेद जारी नै रहन गयो जसको परिणाम स्वरुप महिला आन्दोलन जारी रह्यो ।

विभिन्न घोषणा तथा महासन्धिले पारित गरेका कुराहरुलाई व्यवहारमा नउतारी किताबी रुपमा राखेर मात्र कहिले पनि लैङ्गिक समानता ल्याउन शिक्षाले प्रभावकारी भूमिका खेल्नु पर्छ । त्यसैले आज लैङ्गिक समानताका लागि शिक्षा भन्ने गरिन्छ । महिलालाई जबसम्म आर्थिक, राजनैतिक, शैक्षिक रुपले सशक्तिकरण गरिदैन, तब सम्म लैङ्गिक समानता सम्भव छैन । त्यो सशक्तिकरण गर्न निम्न उपायहरु अवलम्बन गर्न सकिन्छ :

- महिला शिक्षामा जोड दिनुपर्छ । शिक्षाका कारणले महिलामा ज्ञान, सिप प्राप्त गर्दछन् र आत्मविश्वास बढ्दछ ।
- निर्णय तहमा महिलालाई सहभागी बनाउनु पर्छ ।
- परिवर्तन समाजको नियम हो । यथास्थिती परीवर्तनको र विकासको बाधक हो । यसर्थ महिलालाई परिवर्तन तर्फ उन्मुख गराउनु पर्छ ।
- अर्थतन्त्रमा महिलाको पनि सहभागीता हुनुपर्छ । जबसम्म महिलालाई आर्थिक क्रियाकलापमा सहभागी बनाइदैन, आर्थिक अधिकार प्रदान गरिदैन तबसम्म लैङ्गिक समानता सम्भव छैन ।

विद्यालयसँग अथाह स्रोत रहेको छ, जस्तो शिक्षक, विद्यार्थी, कर्मचारी यिनीहरुको उचित परिचालन गरेर लैङ्गिक समानता प्रतिको दृष्टिकोणलाई मूर्त बनाउन सकिन्छ । यो प्राथमिक तहदेखि माथिल्लो तह सम्म प्रयोग गर्न सकिन्छ (ढकाल, २०६५) ।

चुनारा, २०६६ ***प्रौढ शिक्षामा दलित महिलाको सहभागीता*** शीर्षकको अप्रकासित शोधपत्रमा डडेल्धुरा जिल्लामा गरिएको अध्ययनले प्रौढ दलितको सहभागिताको बाहुल्यता रहेको, गैर दलितको कक्षा अनियमितता बढि रहेको, प्रौढ शिक्षामा अनियमित हुनुको मुख्य कारण घरयासी कामकाज, बालबालिका विरामी भएर, आफु स्वयं विरामी भएर रहेको पाइयो । त्यस्तै प्रौढ शिक्षा पढेर बिजूलीको विल पढ्न सक्ने भएको, चिठ्ठी पढ्न सक्ने भएको, सामान्य लेखपढ हिसाब गर्न सक्ने भएको, छोराछोरी लाई गृहकार्य गर्नमा मद्दत गर्न सक्ने भएको जस्ता कुरा उल्लेख गरिएको छ ।

विष्ट, २०६५ ले ***महिला शिक्षा दोस्रो कार्यक्रममा सहभागी महिलाहरुको ज्ञान, सिप र व्यवहार*** शीर्षकको अप्रकासित शोधपत्रमा महिलाले सिकेका सिकाईलाई दैनिक व्यवहारमा लागु गरे नगरेको पत्ता लगाउने उद्देश्य राखि अनुसन्धान गरेको पाईयो । जसका उपलब्धिमा सिकेका ज्ञान सिपलाई विभिन्न किसिमका आय आर्जन सम्बन्धि व्यवहारमा लगाएको, निर्धारित भन्दा बढि व्यक्तिको सहभागीता तथा सरकारले अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरेकोमा सबैको सकारात्मक धारणा रहेको पाइयो ।

बस्नेत, २०५५ ले ***महिला अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारीता*** शीर्षकको अप्रकासित शोधपत्रमा महिलाहरु २५ देखि ३१ जना सम्म सहभागी भएको, परिक्षा सञ्चालन गर्दा ७८.१० प्रतिशत महिलाले परिक्षा उत्तीर्ण गरेको जनाइएको छ । त्यस्तै २० प्रतिशत महिला कहिलेकाही मात्र आउने गरेको, लिम्बु जातिका महिला बढि मात्रामा सहभागी भएको त्यस्तै प्रौढ कक्षामा अनियमित हुनुको कारण बारेमा महिलाहरु कामकाजले व्यस्त, पारिवारीक प्रतिबन्ध, पढ्नमा त्यति रुचि नभएकाले, प्रौढ केन्द्र आफुलाई पायक नपरेकाले भनि उल्लेख गरिएको छ ।

भण्डारी, २०५७ को ***अनौपचारिक महिला शिक्षा कार्यक्रमको प्रभावकारीता*** शीर्षकको अप्रकासित शोधपत्रमा उल्लेख भए अनुसार महिलाको उपस्थिती सम्बन्धमा १५ देखि २६ जना सम्म एक समूहमा उपस्थिती रहेको, सहभागी सबैमा लेख्ने पढ्ने सिपको विकास भएको, सहभागी महिलाहरुमा सरसफाई सम्बन्धमा राम्रो सिपको विकाश भएको आफ्नो घर आगँन लाई सफा राख्नु पर्छ भन्ने धारणाको विकाश भएको, विभिन्न परिवारनियोजनका साधनका बारेमा जानकारी भएको उल्लेख गरिएको छ ।

वर्तमान समयमा आधारभूत प्रौढ शिक्षा कक्षाको नीति र कार्यक्रम सम्बन्धि निम्नानुसारका कृयाकलाप निर्धारण गरिएको छ

उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य पढाई र लेखाई सीप, व्यवहारिक ज्ञान, समूहगत भावनाको विकाश, बिना हिच्कीचाहट बस्ने र जनचेतना गराउने तर्फ सहयोग पुग्नेछ ।

कार्यक्रम सञ्चालन प्रकृया :


- अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नकालागि कार्यक्रम संचालन गरेको पहिलो वर्षमा आधारभूत प्रौढ कक्षाको आवश्यकता महसुस गरी परियोजनाको सहयोगमा कक्षा सञ्चालन गर्न चाहेमा परियोजनाले सहयोग गर्ने व्यवस्था गरिएको छ ।
- प्रौढ कक्षा माग गर्न निर्धारित योग्यता अनुसारको सहयोगी छनौट गर्ने सहयोगी छान्ने, सामग्री संकलन गर्ने, कक्षा केन्द्र तोक्ने, कक्षा नियमित गर्ने, निरिक्षण गर्ने र नियमित अध्ययन गर्न उत्प्रेरीत गर्ने जस्ता व्यवस्थापन कार्यहरु विकास सहयोग समूहले गर्नुपर्दछ ।
- परियोजनाले आवश्यक सामाग्री उपलब्ध गराउने, सहयोगीलाई तालीम दिने, निरिक्षण गर्ने र समूह सदस्य तथा सहभागीहरुलाई उत्प्रेरणा जगाउने कार्यहरुको साथै सहयोगीको पारिश्रमीक र समुहलाई व्यवस्था खर्च प्रदान गर्दछ ।

कक्षा सञ्चालनका लागि आवश्यक पूर्वाधार

- १५ जना भन्दा बढि उत्सुक निरक्षरहरुको संख्या रहेको हुनुपर्ने ।
- उपर्यूक्त सहयोगीको व्यवस्था भएको हुनुपर्ने ।
- केन्द्रको उपयुक्त व्यवस्थापन गरेको हुनुपर्ने ।
- समूहसँग राम्रो सम्बन्ध भएको एवं समूह पनि सक्रिय, नियमित, एकजुट भएको हुनुपर्ने ।
- समुहले जिम्मालिई समूहका सदस्यलाई पनि सहयोगी गराउन सक्ने हुनुपर्ने ।
- समुदायले पनि आवश्यक महसुश गरी उत्सुकता एवं चासो देखाएको साथै समूदायले आवश्यक जिम्मेवारी बहन गर्न सक्ने हुनुपर्ने ।

(अधिकारी,२०६६)

## २.३ धारणात्मक ढाँचा



प्रभाव पारेका पक्ष
आर्थिक पक्ष
सांस्कृतिक पक्ष
सामाजिक पक्ष
राजनैतिक पक्ष
शैक्षिक पक्ष
प्रौढ शिक्षा प्रतिको धारणा
सकारात्मक धारणा
नकारात्मक धारणा
तटस्थ
अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले महिलामा पारेको प्रभाव
सहयोगि कार्यकर्ताको व्यवहार
समानता सृजना गर्ने
असमानता व्यवहार
औपचारिकता पूरा गर्ने
नकारात्मक धारणा फैलाउन
प्रौढ महिलाहरुलाईप्रौढशिक्षा कार्यक्रममा सहभागि हुनप्रेरित पक्ष
प्रोत्साहन गर्ने
शिक्षाको महत्वबुझाउने
जिवनमा शिक्षाको महत्व

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१अनुसन्धान ढाँचा

यस अध्ययन शीर्षकमा आवश्यक सूचना तथा जानकारी संकलन गर्नका लागि निम्नानुसारको अनुसन्धानात्मक ढाँचा तथा विधिको उपयोग गरिएको छ ।

| उद्देश्य | स्रोतहरु | साधनहरु |
|---|---|---|
| नवलपरासी जिल्लाको रामग्राम नगरपालीका क्षेत्रमा सञ्चालीत अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाको सहभागीताको स्थिती पत्ता लगाउने । | प्रौढ शिक्षा कार्यक्रमा सहभागी महिला, सहयोगी कार्यकर्ता | असंरचित अन्तर्वार्ता, अवलोकन |
| प्रौढ शिक्षा कार्यक्रममा सहभागी महिलामा आएको व्यवहारिक परिवर्तन पहिचान गर्ने । | सहभागी महिला, सहयोगी कार्यकर्ता, सहभागिका परिवारका सदस्य | अन्तर्वार्ता, सिकाई व्यवहार अवलोकन |

## ३.२ क्षेत्र छनौट

अनुसन्धानकर्ता (स्वयं म आफु) लाई पायक पर्ने ठाउ छनौट गर्ने इच्छा जागेकाले छनौट गरिएको विषयका सम्पूर्ण सुचना पाइन्छ भन्ने ठानि मेरो गृह जिल्ला नवलपरासीलाई छनौट गरेको छु । यो जिल्ला नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत तराईमा पर्छ । यस जिल्लालाई महेन्द्रराजमार्गले सबैभन्दा बढि घेरेको छ । धेरै भाग भित्रीमधेशले भरिएको जिल्ला छनौट भएको भएता पनि अध्ययन गर्न सजिलोको लागि पूर्ण रुपमा तराईलाई छनौट गरिएको छ । अध्ययनका लागि छानिएको नवलपरासी जिल्ला मा धेरै पहिले देखि अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन भएको भएता पनि यसले त्यती सोचेको जस्तो उपलब्धि हासिल नगरेको पाइएको छ । यसको मुख्य कारण के रहेछ भन्ने जानकारीलिने मुख्य उद्देश्य पनि यस अध्ययनमा लिइएको छ ।

हाम्रो देश बहुभाषा धर्म, संस्कृति भएको राष्ट्र हो । यहा बस्ने मानिसमा एकतामा अनेकता रहेको छ । यस अध्ययनका क्रममा नवलपरासी जिल्लाको सदरमुकाम रामग्राम

नगरपालिकालाई छनौट गरिएको छ । नवलपरासी जिल्ला भित्री तराई मा पर्ने भएता पनि अध्ययन गर्न छानिएको क्षेत्र पुर्ण तराई पर्छ । यस क्षेत्रमा तराई मूलका मानिसको बसोवास अधिक रहेको छ । सदरमुकाम जिल्लाको राजधानि जस्तो हुने हुदा यस क्षेत्रमा प्राप्त गरेका सूचनाले सम्पुर्ण जिल्लालाई प्रतिनिधित्व प्रदान गर्छ भन्ने विश्वास लिइएको छ ।

यस अध्ययनकालागि जम्मा चारवटा प्रौढ केन्द्रमा केन्द्रित भएर अध्ययन पूरा गरिएको छ । अध्ययनका क्रममा पहिले नगरपालिकाका अधिकारीलाई भेटि उनीहरुबाट लिइएको सूचनाका आधारमा आफुलाई आवश्यक परेको सूचना छनौट गरि संकलन गरिएको छ ।

### ३.३ जनसंख्या र नमुना छनौट

यस अध्ययनका क्रममा  पश्चिमाञ्चल विकाश क्षेत्रको नवलपारासी जिल्ला लाई छनौट गरिएको छ । विगत २०५२ साल बाट प्रौढशिक्षा कार्यक्रम सञ्चालन भएको यस क्षेत्रमा हाल पनि अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन भैरहेका छन् । यस जिल्लाको सदरमुकाम रामग्राम नगरपालीकालाई अध्ययनको क्षेत्र छनौट गरिएको छ । अध्ययनका क्रममा दुइवटा अध्यापन भै रहेका केन्द्रलाई छनौट गरिएको छ भने दुई वटा भर्खरै अध्यापन कार्य सकिएका केन्द्रलाई छनौट गरि अध्ययन गरिएको छ । जम्मा १३ वटा वार्ड रहेको नगरपालीको सम्पूर्ण क्षेत्रलाई समेट्ने गरि र अध्ययनको विषयका सूचना प्राप्त हुने गरि चारवटा केन्द्र छनौट गरियो ।

छनौट गर्ने क्रममा महिला सहयोगी भएको केन्द्रहरु मध्येबाट आफुलाई अध्ययन गर्न सजिलो पर्ने गरि वार्ड नं ७ उजेनी गाउँ, वार्ड नं ८ वैकुण्ठपूर गाउँ, वार्ड नं १० वंझरीया गाउँ, वार्ड नं १२ कसिया गाउँ छनौट गरियो । त्यसमध्येबाट पनि आफुलाई आवश्यक परेको नमूना चारवटा मात्र भएकाले चारवटा केन्द्र छनौट गर्नका लागि समावेसी सहयोगी पर्ने गरि चारवटा केन्द्र छनौट गरियो । केन्द्र छनौट भै सकेपछि सो केन्द्रवाट उद्देश्य प्राप्त हुनेगरी प्रौढ सहभागी छनौट गरियो ।

**नमूना ढाचाँ**

| उत्तरदाता | कार्यक्रम भैसकेको केन्द्र | | कार्यक्रम भैरहेको केन्द्र | | जम्मा |
|---|---|---|---|---|---|
| | क | ख | ग | घ | |
| सहभगि महिला | ३ | ३ | ३ | ३ | १२ |
| सहयोगी कार्यकर्ता | १ | १ | १ | १ | ४ |
| सहभागि महिलाका परिवारका सदस्य | १ | १ | १ | १ | ४ |

माथीको तालिकामा उल्लेख भएका नमूना छनौट गर्नका लागि अध्ययन क्षेत्रमा गएर प्रत्यक्ष रुपमा पहिले नगरपालीकाका अधिकारी सँग भेट गरियो अनि उनिहरुबाट पाएको सूचनाका आधारमा अध्ययन केनद्रका सहयोगीलाई भेटियो । त्यस पछि ति सहयोगिबाट नजिक पर्ने प्रौढ सहभागी महिलाहरु छनौट गरियो । छनौटमा परेका महिलाहरुमध्ये बाट समाबेसी छनौटमा पर्ने गरि चारजना महिलाका चारजना पढ्न लेख्न सक्ने अभिभावक छनौट गरियो ।

**३.४ अध्ययनका साधनहरु**


यस अध्ययनलाई सार्थक बनाउनका लागि विभिन्न सामाग्रीहरु निर्माण गरिएको छ । ति सामाग्रीको सहायताले आवश्यक सूचना संकलन गरिएको छ । ति सामाग्री निम्नानुसार रहेका छन् ।

- अन्तवार्ता प्रश्नावली :
  - प्रौढ कक्षामा सहभागी भैरहेका महिलाका र सहभागी भैसकेका महिलाका लागि असंरचित अन्तर्वार्ता प्रश्नावली ।
  - प्रौढ कक्षाको सहयोगी भूमिका निभाउने सहयोगीका लागि अन्तर्वार्ता प्रश्नावली ।
  - प्रौढ कक्षामा सहभागी भैरहेका र सहभागी भै सकेका महिलाका अभिभावकलाई असंरचित अन्तर्वार्ता प्रश्नावली ।
- अवलोकन फारम :
  - प्रौढ कक्षामा सहभागी भैरहेका र सहभागी भै सकेका महिलाको परिवर्तीत व्यवहार अवलोकन फारम ।

## ३.५ तथ्याङ्क र साधनको वैधता


प्राप्त हुन आएका सूचनालाई विभिन्न माध्यमबाट वैध बनाउने कोशिस गरिएको छ । यो अध्ययन गुणात्मक भएकाले अधिकाशं सूचना गुणात्मक रहेका छन् । यस अध्ययनका क्रममा सूचना चार पक्षबाट संकलन गरिएको छ । पूर्व तयारीका साथ निर्माण गरिएका असंरचित प्रश्नपत्रलाई वैध बनाउन पूर्व परिक्षण तथा शोध निर्देशकको सहयोगमा परिमार्जन गरि अन्तिम रुप प्रदान गरिएको छ ।

**साधनको त्रिपक्षिय परिक्षण**




माथिको चित्रमा निर्माण गरिएका अध्ययन साधनले वास्तविक अध्ययनमा सहयोग गर्छ या गर्दैन भनि निर्माण गरिएको साधनले उद्देश्यलाई समेटेको छ वा छैन, छनौट गरिएको नमूनाले उद्देश्यलाई समेट्छ वा समेट्दैन भनि वैधता कायम गरेर मात्र अध्ययन गरिएको छ ।

अध्ययनका क्रममा प्राप्त भएका सूचना यथार्त भयो वा भएन भनि सूचनाहरुलाई पनि त्रिपक्षिय रुपमा परिक्षण गरि वैधता प्रदान गरियो ।




**प्राप्त सूचनाको वैधता प्रदान गर्न गरिएको त्रिपक्षिय परिक्षण**

यसरी माथि उल्लेख भए अनुसार उद्देश्यमा आधारित भएर निर्माण गरिएको साधनबाट के कस्तो परिणाम आउछ भनि नमूना जनसंख्यामा गरिएको परिक्षणबाट आएका सूचनालाई एक आपसमा तुलना तथा परिक्षण गरेर वास्तविकतालाई वैध बनाईएको छ । जसमा सहभागी, प्रौढ शिक्षा सहयोगी, अभिभावक बाट आएका उत्तरको वैधताकायम गर्न उत्तरलाई दाजि निचोडमा पुगिएको छ ।

### ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका क्रममा आवश्यक पर्ने सूचना संकलनका लागि अध्ययन क्षेत्रमा नै प्रत्यक्ष रुपमा उपस्थित भएर सो क्षेत्रको वास्तविकता पत्ता लगाउनका लागि अनुसन्धानकर्ता म स्वयं अन्तर्वार्ता र अवलोकनमा सहभागी भएको हुँ । सूचना संकलन गर्नका निम्ति अध्ययन क्षेत्रमा नै गएर पूर्व निर्धारण गरिएको नमूना जनसंख्या सँग असंरचित अन्तर्वार्ता मार्फत र अवलोकन मार्फत सत्य तथ्य सुचना संकलन गरिएको छ । त्यस्तै आवश्यक सुचनालाई प्रमाणित र यथार्तता प्रदान गर्नका निम्ति विभिन्न पक्षबाट प्राप्त सूचनालाई त्रिपक्षिय जाँच गरिएको छ ।

### ३.७ तथ्याङ्क विश्लेषण प्रकृया

यो अध्ययनका क्रममा अध्ययनका क्षेत्रबाट प्राथमिक रुपमा तथा द्धितिय रुपमा संकलन गरिएका विभिन्न माध्यमबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनालाई प्राकृतिक अवस्थामा नै प्रस्तुत गर्न वर्णनात्मक, व्याख्यात्मक विधिको उपयोग गरिएको छ । यस अध्ययनबाट प्राप्त हुन आएका सुचना संख्यात्मक तथा गुणात्मक रुपमा रहेकाले ति सूचना लाई वैद्धिकता प्रदान गरि बुझिने किसिमले विश्लेषण गरिएको छ ।

### ३.८ नैतिक पक्ष

अध्ययनबाट यथार्त तथ्यपरक सूचना संकलन गर्नकालागि सर्वप्रथम उत्तरदातासँग सुमधुर सम्बन्ध स्थापना गरियो । सम्बन्ध पश्चात म अध्ययनकर्ता उनीहरुको छिमेकी भएको प्रमाणीत गराउन अनेक ठाउँ तथा घटनाका बारेमा कुराकानी, छलफल गरेर आफुपनि त्यस क्षेत्रमा भएका कृयाकलापमा सहभागी भएको प्रमाणित गरेर उनिहरुसँग सुमधुर सम्बन्ध स्थापना गरीयो । त्यस पश्चात मात्र अध्ययन आरम्भ गरीयो ।

कुनैपनि अध्ययनलाई सार्थक बनाउन त्यसका नीतिगत पक्ष लाई ख्याल गर्नु पर्छ । अध्ययनकर्ताले के कस्ता सूचना संकलन गर्न पाउछ र कति सम्म सिमा पार गर्न सक्छ भनि पहिलेनै जानकार भएर कार्य आरम्भ गर्नुपर्ने कुरालाई मध्येनजर राख्दै यो पनि गरिएको छ । यस अध्ययनका क्रममा कानुनले गर्न नहुने भनि तोकेका कार्य गरिएको छैन । उत्तरदातालाई कुनै लाल्चना नदेखाई, उनिहरुको स्व–इच्छाले मनलागेको समयमा आफ्नो भावनाले खाएका उत्तर दिएका छन् । महिलालाई उनिहरुको नाम उल्लेख गर्दा कुनै किसिमको अप्ठ्यारो पर्छ कि पर्दैन भनि सोधेर मात्र नाम उल्लेख गरिएको छ । उत्तरदातालाई अनुसन्धानकर्ता म स्वयं उनिहरुको छिमेकि भएको प्रमाणित गरि अध्ययन आरम्भ गरिएकाले उत्तर दिनमा कुनै संकास्पद व्यवहार गरेको पाइएन । उनीहरुले दिएका उत्तर मात्र शोधपत्रको प्रयोजनकालागि हो भन्ने प्रमाणित तथा विश्वास दिलाएर मात्र सूचना संकलन गरिएको हुदा सकेसम्म यथार्त सूचना प्राप्त भएका छन् ।

# परिच्छेद–चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

यस शोध अध्ययनमा अनौपचारिक प्रौढ शिक्षामा महिला सहभागिहरुको उपस्थितिको अवस्था, प्रौढ शिक्षा कार्यक्रममा सहभागी भएपछि महिलाहरुमा भएका परिवर्तन तथा उनीहरुका परिवर्तित व्यवहारले उनीहरुकै जीवनमा पारेको प्रभाव पत्ता लगाउनका लागि संकलन गरिएका सूचनालाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ अनौपचारिक प्रौढ शिक्षामा महिला सहभागीता –

नवलपरासी जिल्लामा सञ्चालित अनौपचारिक प्रौढ शिक्षा अन्तर्गत चार वटा केन्द्रमा गरिएको सर्वेक्षण अनुसार महिलाको सहभागीताको स्थिती उच्च रहेको पाइयो । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं १

अनौपचारिक प्रौढ शिक्षामा महिला सहभागिताको स्थिती

| क.सं. | केन्द्रको नाम | सहभागी संख्या | बिचमा कक्षा छाड्ने संख्या | प्रतिशत | कक्षाको अन्त सम्म सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | रामग्राम ७ उजेनी (कक्षा भैरहेको) | २२ | ४ | १८ | १८ |
| २ | रामग्राम १२ कसिया (कक्षा भैरहेको) | २८ | ६ | २१ | २२ |
| ३ | रामग्राम ८ वैकुण्ठपूर (कक्षा भैसकेको) | २६ | ६ | २३ | २० |
| ४ | रामग्राम १० बंजरिया (कक्षा भैसकेको) | २७ | ७ | २६ | २० |

स्रोत– स्थलगत अध्ययन, २०६७

माथिको तालिका अनुसार महिला सहभागिता प्रतिकेन्द्र सरदर २६ जना रहेको देखिन्छ । जसमध्यमा कक्षा सञ्चालन भैरहेका केन्द्र उजेनी र कसियामा क्रमशः २२ र २८, कक्षा सञ्चालन भैसकेका केन्द्र बैकण्ठपुर र वंजरीया मा क्रमशः २६ र २७ जना महिला सहभागी

रहेका छन् । ति केन्द्रहरुमा महिलाहरुको सहभागीता स्थितीमा पनि नियमित र अनियमितता लाई हेर्दा उजेनी केन्द्रमा ४ जना अनियमित अर्थात १८ प्रतिशत, कसिया केन्द्रमा ६ जना अनियमित अर्थात २१ प्रतिशत, वैकुण्ठपुर केन्द्रमा ६ जना अनियमित र वंजरिया केन्द्रमा २ जना अनियमित अर्थात २६ प्रतिशत अनियमित रहेको पाईयो ।

बस्नेत, (२०५५) ले धनकूटा जिल्लामा महिला अनौपचारिक शिक्षा विषयमा गरिएको अप्रकाशित सोधमा महिला प्रौढ शिक्षा कार्यक्रममा २५ देखि ३१ जना महिला सहभागी भएको जनाएको छ । त्यस्तै गरि भण्डारी, (२०५७) ले दैलेख जिल्लामा गरिएको अनौपचारिक शिक्षा सम्बन्धि सोधमा १५ देखि २६ जना सम्म सहभागी भएको पाईएको छ । यस अध्ययनको क्रममा नवलपरासी जिल्लामा गरिएको अध्ययनमा २२ देखि २७ जना सम्म महिला प्रौढ शिक्षामा सहभागी भएको पाइएको छ ।

## ४.२ छनौटमा परेका सहभागी महिला तथा सहयोगी महिलाको उमेरगत स्थिती–

यस अध्ययनका क्रममा छनौट गरिएका सहभागीहरु र सहयोगी कार्यकर्ताहरुसगँ अन्तर्वार्ताका माध्यमबाट लिईएको सूचनाका आधारमा सहभागी महिला र प्रौढशिक्षामा सहयोगी कार्यकर्ताको वैवाहिक स्थिती र उमेरगत विवरण अनूसुची–६ मा देखाइएको छ ।

छनौटमा परेका केन्द्रका सहयोगी र सहभागीको उमेर समूह निम्न तालिका अनुसार रहेको छ ।

तालिका नं २

छनौटमा परेका सहभागी महिला तथा सहयोगी कार्यकर्ताको उमेरगत स्थिती


| क्र.सं. | उमेर समुह | सहभागी महिला संख्या | सहयोगी कार्यकर्ता संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १५–२० | १ | – | |
| २ | २०–२५ | २ | १ | |
| ३ | २५–३० | ३ | १ | |
| ४ | ३०–३५ | २ | २ | |
| ५ | ३५–४० | १ | – | |
| ६ | ४०–४५ | १ | – | |
| ७ | ४५ भन्दा माथि | २ | – | |

स्रोत– स्थलगत अध्ययन, २०६७

माथि उल्लेख गरिएको सहभागीको तथ्याङ्कलाई निम्नानुसार चित्रमा पनि उल्लेख गर्न सकिन्छ ।

**चित्र नं. १**

प्रौढशिक्षामा सहभागी भएका महिलाको उमेरगत स्थिती




माथिको तथ्याङ्कलाई हेर्दा अनौपचारिक प्रौढ शिक्षामा सहभागी भैसकेका, सहभागी भैरहेका र सहयोगि कार्यकर्ताको उमेर समुह विवरण प्रस्तुत गरिएको छ । जस मध्येमा २० देखि ३५ वर्ष उमेर समूहका महिला बढि प्रौढ कक्षामा सहभागी भएको पाईयो । त्यस्तै सहयोगी कार्यकर्तामध्येमा ३० देखि ३५ वर्ष उमेर समूहका बढि रहेको पाईयो । त्यसैगरी कार्यगत उमेर समूहका  महिला ३५ वर्ष देखि ४५ वर्ष उमेर समूहका न्यून संख्यामा प्रौढशिक्षा कार्यक्रममा सहभागी भएको अध्ययनबाट जानकारी हुन्छ ।

### ४.३ महिलाका जीविकोपार्जन गर्ने पेशा सम्बन्धि विवरण –

प्रौढ कक्षामा सहभागि महिला मध्ये नमुना छनौटबाट छनौटमा परेका १२ जना महिलाहरुलाई असंरचित अन्तर्वार्ताबाट सुचना संकलन गर्ने क्रममा उनिहरुका पेशा सम्बन्धमा सोध्दा निम्न तालिकामा प्रस्तुत गरिएका सुचना प्राप्त भए ।

तालिका नं ३

महिलाका जिविकोपार्जन गर्ने पेशा सम्बन्धि विवरण


| क्र.सं | पेशा विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि | ८ | ६७ | |
| २ | मजदूरी | ३ | २५ | |
| ३ | अरुको घरमा काम गर्ने | ३ | २५ | |
| ४ | व्यापार | ४ | ३३ | |
| | अन्य | २ | १७ | |

स्रोत– स्थलगत अध्ययन, २०६७

महिलाका पेशा सम्बन्धि प्राप्त भएका सूचनाका विवरणलाई निम्नानुसार चित्रात्मक रुपमा उल्लेख गरी विश्लेषण गर्न सकिन्छ

चित्र नं. २

महिलाको पेशा सम्बन्धि विवरण




नमुना छनौटमा परेका १२ जना महिलाहरुलाई उनिहरुको जिविकोपार्जनको पेशा के हो भनि प्रश्न गर्दा सबै भन्दा बढि ८ जना (६७ प्रतिशत) महिलाले कृषि पेशा रहेको बताए । त्यस्तै ज्याला मजदूरी र अरुको घरमा काम  गर्ने ३/३ जना महिला (२५ प्रतिशत) रहेको पाइयो । त्यस्तै गरि व्यापार व्यवसाय गरेर जिविकोपार्जन गर्ने ४ जना (३३ प्रतिशत) महिला रहेको पाइयो । त्यसैगरी अन्य काम बाट आफ्नो जिविकोपार्जन गर्ने २ जना महिला (१७ प्रतिशत) महिला रहेको अध्ययनबाट जानकारी भयो ।

यसरी महिलाको आर्थिक अवस्थामा सुधार गर्नकालागि तथा आर्थिक अवस्थामा सुधार गर्नका लागि शिक्षा आवश्यक भएको स्पष्ट हुन्छ । माथि उल्लेख भएको तथ्यांक ले यो स्पस्ट पार्दछ कि महिलाहरु अत्याधिक संख्यामा कृषि पेशा अपनाएको हुदा कृषिमा सहयोग गर्ने किसिमका विषयवस्तु प्रौढ शिक्षाको पाठ्यक्रममा समावेस गरिनु पर्छ ।

## ४.४ अनौपचारिक शिक्षा केन्द्रमा महिला अनियमित हुने कारणहरु –

छनौट गरिएका केन्द्रको प्राप्त माध्यमिक तथ्याङ्क अनुसार महिलाहरुको नियमितता संख्या अत्याधिक पाईएको भएतापनि अन्तर्वार्ताका लागि छनौट गरिएका १२ जना महिलालाई सौध्दा उनिहरुको अनियमितताको कारणलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ ।

तालिका नं ४

महिलाका अनियमितताका कारण

| क्रं.सं. | कारणहरु | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | घरयासी कामकाज | ५ | ४२ | |
| २ | बच्चाको हेरचाह | ३ | २५ | |
| ३ | बिरामी भएर | ३ | २५ | |
| ४ | समय अनुपयुक्त भएर | ३ | २५ | |
| ५ | अन्य | २ | १७ | |


स्रोत– स्थलगत अध्ययन, २०६७

महिलाहरुका प्रौढशिक्षा कार्यक्रममा अनियमितहुनुका कारणलाई स्पष्ट रुपमा बुझ्न र त्यसलाई सरल तरिकाले प्रस्तुत गर्नका लागि विभिन्न किसीमका वैकल्पिक विधिहरु प्रयोग गर्न सकिन्छ ।

जसलाई प्राप्त सूचनाका आधारमा चित्रात्मक रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

चित्र नं. ३

महिलाहरु प्रौढ कक्षामा अनियमित हुने कारणहरु




माथि प्रस्तुत गरिएको तालिकाले प्रौढ कक्षामा सहभागी भैरहेका दुईवटा केन्द्रबाट ६ जना र प्रौढ कक्षामा सहभागी भैसकेका दुईकेन्द्रबाट ६ जना गरि जम्मा १२ जना बाट लिईएको सुचनालाई उल्लेख गरिएको छ । उल्लेखित सूचनाका अनुसार घरयासी कामकाज नभ्याएका कारण प्रौढ कक्षामा अनियमित हुने ५ जना, छोराछोरीको हेरचाह गर्नुपरेकाले अनियमित हुने ३ जना महिला, स्वंय महिला आफै विरामी परेर अनियमित हुने ३ जना महिला, कक्षा सञ्चालनको समय आफुलाई अनुपयुक्त भएर अनियमित हुने महिला ३ जना र अन्य कारणले गर्दा अनियमित हुने २ जना महिला रहेको असंरचित अन्तर्वार्ता तथा महिलासँग गरिएको छलफल बाट जानकारि भयो ।

बस्नेत, (२०५५) को सोधपत्रबाट प्राप्त भएको तथ्य अनुसार महिलाको अनियमितताको कारण बेफूर्सदी तथा उमेर बढि भएकाले सिक्न पढ्न जरुरी नठानी अनियमित हूनेगरेको निष्कर्षमा पाईएको छ । नवलपरासी जिल्लामा गरिएको यस अध्ययन अनुसार महिला प्रौढ कक्षामा अनियमित हुनुका मुख्य कारण घरयासी काम, बच्चाको हेरचाह, समय अनुकुल नभएर जस्ता मुख्य कारण देखिएका छन् ।

## ४.५ अनौपचारिक प्रौढकक्षामा सहभागी हुनकालागि महिलालाई प्रोत्साहन गर्ने माध्यमहरु

छनौट गरिएका १२ जना महिलाहरुलाई अनौपचारीक प्रौढ शिक्षा कार्यक्रममा सहभागिहुनका लागि पाएको प्रेरणा प्रदान गर्ने कारणको सम्बन्धमा प्रश्न गर्दा निम्नानुसारका सूचना प्राप्त भएका छन् ,जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएका छ ।

तालिका नं ५

अनौपचारिक प्रौढकक्षामा सहभागि हुनकालागि महिलालाई प्रोत्साहन गर्ने माध्यमहरु


| क्र.सं. | विवरणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहयोगि कार्यकताको सुझाव सल्लाह | ५ | ४२ |
| २ | श्रीमानको पढनु पर्छ भन्ने सल्लाह पाएर | ४ | ३३ |
| ३ | आफु स्वयंलाई नै पढ्नुपर्ने महसुस भएर | ३ | २५ |
| ४ | टेलिभिजनमा प्रशारित भएका कार्यक्रमबाट प्रभावित भएर | २ | १७ |
| ५ | गाउँका अन्य दिदीबहिनीले पढ्न लेख्न जानेको देखेर | २ | १७ |

स्रोत– स्थलगत अध्ययन, २०६७

माथिको तालिकालाई निम्नानुसार चित्रात्मक रुपमा उल्लेख गर्न सकिन्छ ।

**चित्र नं. ४**

प्रौढ कक्षामा सहभागी गराउने प्रेरणात्मक पक्ष




माथिको तालिका तथा स्तम्भ चित्रमा प्रौढ शिक्षामा सहभागी महिलाहरु कसको प्रेरणा पाएर सहभागी भएकाहुन भन्ने प्रश्न गर्दा सहयोगी कार्यकर्ताको सुझाव पाएर पढ्न थालेको भनि उत्तर दिने अत्याधिक पाईएको छ । अध्ययनका क्रममा छनौट गरिएका १२ जना महिला जसमध्ये ५ जना (४२ प्रतिशत) ले सहयोगि कार्यकर्ताको सल्लाह पाएर, आफ्नै श्रीमानको सल्लाह पाएर उत्तर दिने ४ जना (३३ प्रतिशत) ले त्यस्तै आफु स्वयंलाई नै पढ्नुपर्ने महसुस भएर उत्तर दिने ३ जना (२५ प्रतिशत) ले, त्यस्तै टेलिभिजनमा प्रशारित कार्यक्रमबाट प्रभावित

भएर भनि उत्तर दिने २ जना (१७ प्रतिशत) ले त्यस्तै छरछिमेकका अन्य महिला दिदीबहिनीले पढ्न लेख्न जानेको देखेर पढ्न थालेको भनि उत्तर दिने १ जना (१७ प्रतिशत) रहेको पाइयो ।

यसरी महिलालाई प्रौढशिक्षा कार्यक्रममा सहभागि हुनकालागि मुख्य रुपमा सहयोगी कार्यकर्ताको भूमिका रहेको त्यस्तै स्वयं महिलामा पढ्नुपर्ने महसुस भएर प्रौढकक्षामा सहभागि हुने महिलाको संख्या पनि अत्याधिक रहेको पाइयो । प्रौढकक्षामा सहभागि हुनमा परिवारका सदस्यको प्रमुख भूमिका रहने कुरा माथि उल्लेखित सूचनाका आधारमा स्पस्ट पार्न सकिन्छ ।

## ४.६ अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमप्रति महिलाहरु र अन्य पक्षको धारणा–

नेपाल सरकारले प्रौढलाई साक्षार बनाउनका लागि सञ्चालन गरेको अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा सहभागी मध्येमा नमुना छनौटमा परेका १२ जना महिला, तिनै छनौटमा परेका मध्येका ४ जनाका १/१ जना अभिभावक, र छनौटमा परेका चारवटा केन्द्रका सहयोगी कार्यकर्तागिरि जम्मा २० जना सँग प्रश्न गर्दा निम्न तालिकामा प्रस्तुत भएका उत्तर प्राप्त भए ।

तालिका नं ६

अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमप्रति सहभागी महिलाहरु र अन्य पक्षको धारणा

| क्र.सं. | विवरण | सहभागि महिला | सहयोगी कार्यकर्ता | सहभागिका अभिभावक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सकारात्मक विचार | १० | ४ | ३ | १७ | ८५ |
| २ | नकारात्मक विचार | २ | ० | १ | ३ | १५ |
| | जम्मा | १२ | ४ | ४ | २० | १०० |


स्रोत– स्थलगत अध्ययन, २०६७

धेरै पहिलेदेखि नवलपरासी जिल्लामा प्रौढशिक्षा कार्यक्रम सञ्चालनमा आएको हो । यसरी यती लामो समय भै सक्दा पनि मानिसहरुमा शिक्षा प्रति त्यती ध्यान गएको नपाइएकाले यो प्रौढ शिक्षा प्रति कस्तो धारण रहेको छ भन्ने जन्नका लागि विभिन्न पक्षको धारणा केलाउन गरिएको अध्ययनबाट आएको तथ्याङ्कलाई मुख्य रुपमा सकारात्मक र नकारात्मक रुपमा उल्लेख

गरी माथी तालीकामा प्रस्तुत गरीएको छ । सो तालीकामा उल्लेखीत सूचनालाई निम्नानुसार चित्रात्मक रुपमा पनि प्रस्तुत गर्न सकिन्छ ।

चित्र नं. ५

अनौपचारिक प्रौढशिक्षा प्रतिको महिला तथा अन्य पक्षको धारणा




माथि प्रस्तुत गरिएको तालिकामा सरकारले सञ्चालन गरिरहेको महिलालाई साक्षर बनाउन *अनौपचारीक प्रौढ शिक्षा कार्यक्रम* प्रति उनिहरुको धारणा कस्तो छ भनि बुझ्नका लागि १२ जना प्रौढ शिक्षामा सहभागि महिलालाई, ४ जना सहयोगी कार्यकर्ता, ४ जना सहभागिका अभिभावकलाई प्रश्न गरिएको थियो । प्राप्त उत्तरमा सरकारको शैक्षिक जनशक्ति वढाउने निती, शिक्षाको अवसर नपाएका जनतालाई शिक्षाको अवसर प्रदान गरि सहयोग गर्ने, त्यस्तै गरिब जेहेन्दार महिलाहरुका लागि अति उपयोगी जस्ता सकारात्मक उत्तर दिने छनौट मध्येमा १० जना प्रौढशिक्षामा सहभागि महिला, ३ जना ति सहभागिका अभिभावक र ४ जना सहयोगी कार्यकर्ता रहेको पाइयो । त्यस्तै सरकारको विदेशि डलर खाने नीति, प्रौढ सहयोगिको जागिर वचाउने नीति हो भन्ने, काम नपाएर गरेको जस्ता नकारात्मक प्रतिकृया दिने दुई जना सहभागि महिला रहेका र १ जना सहभागि महिलाका अभिभावक रहेको पाइयो । यसरी प्रश्न

सोधिएका कुल २० जना उत्तरदाताको उत्तरलाई केलाउदा अत्याधिक उत्तरदाताले सकारात्मक धारणा व्यक्त गरेको पाइयो भने न्युन संख्याका उत्तरदाताले मात्र नकारात्मक धारणा व्यक्त गरेको पाइयो ।

यसरी माथिको तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने अत्याधिक जनसमुदायले सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित अनौपचारिक प्रौढ शिक्षा प्रति सकारात्मक धारणा व्यक्त गरेको पाईयो । त्यसैगरी न्यूनमात्रामा मात्र मानिसहरुले अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनलाई नकारात्मक हो भनि विचार व्यक्त गरेको पाईयो ।

### ४.७ अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा सहभागीले प्राप्त गरेको शैक्षिक व्यवहार–

प्रौढशिक्षामा सहभागी भएका र सहभागी भैसकेका महिलाहरु मध्ये नमूना छनौटमा परेका १२ जना महिलाको शैक्षिक व्यवहारमा भएको परिवर्तन पत्ता लगाउन व्यवहार अवलोकन र असंरचित अन्तर्वार्ता मार्फत सूचना संकलन गर्ने क्रममा प्राप्त भएका सूचनालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं ७

अनौपचारिक शिक्षाले महिला सिकारुमा ल्याएको परिवर्तित व्यवहार

| क्र.सं. | साक्षरता सम्बन्धि विवरण | पढ्न सक्ने | | लेख्न सक्ने | | पढ्न नसक्ने | | लेख्न नसक्ने | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | स्वर वर्ण | १२ | १०० | १२ | १०० | – | | – | |
| २ | व्यञ्जन वर्ण | १२ | १०० | १२ | १०० | – | | – | |
| ३ | बाह्रखरी | १२ | १०० | ११ | ९२ | – | | १ | ८ |
| ४ | शब्द | ११ | ९२ | ११ | ९२ | १ | ८ | १ | ८ |
| ५ | वाक्य | १० | ८३ | १० | ८३ | २ | १७ | २ | १७ |
| ६ | नेपाली अंक | ११ | ९२ | ११ | ९२ | १ | ८ | १ | ८ |
| ७ | पत्रिकाका मुख्य अंश | ९ | ७५ | १० | ८३ | ३ | २५ | २ | १७ |

स्रोत– स्थलगत अध्ययन, २०६७

अनौपचारिक शिक्षाले महिलाको शैक्षिक व्यवहारमा भएको परिवर्तनका बारेमा अवलोकन गरि हेर्दा सहभागिमध्येका नमुना छनौटमा परेका १२ जना महिलाहरु मध्य १२ जनाले नै स्वर वर्ण र व्यञ्जन वर्ण लेख्न र पढ्न जानेको पाईयो । त्यस्तै नेपाली शब्द र नेपाली अंक पढ्न र लेख्न ११ जनाले (९२ प्रतिशत) ले जानेको पाईयो । त्यस्तै वाक्य लेख्न र पढ्न १० जनाले (८३ प्रतिशत) ले जानेको पाईयो । त्यस्तै गरेर पत्रिकाकाका मुख्य अंश पढ्न जान्ने ९ जना (७५ प्रतिशत) महिला रहेको पाइयो भने पत्रपत्रिकाका मुख्य अंश लेख्न जान्ने १० जना (८३ प्रतिशत) महिला रहेको पाईयो ।

अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमबाट महिलामा कस्तो किसिमको शैक्षिक विकास भयो भनि गरिएको यस अध्ययनबाट महिलामा सकारात्मक परिवर्तन भएको पाईयो । यसर्थ नेपाली महिलाले औपचारिक शिक्षा प्राप्त गर्ने अवसर नपाएको भएता पनि अनौपचारिक शिक्षा प्राप्त गर्ने अवसर पाएर पढ्न लेख्न राम्रो जानेको पाईयो ।

## ४.८ अनौपचारिक शिक्षा कार्यक्रमले सहभागि महिलाको व्यवहारिक जीवनमा आएका परिवर्तन–

यस अनौपचारिक प्रौढ शिक्षा अध्ययनले सहभागि महिलाहरुको दैनिक व्यवहारीक जीवनमा के कस्तो परिवर्तन ल्याएको छ र महिला प्रौढ कक्षाको प्रभावकारीता के कस्तो रहेको छ भन्ने पत्ता लगाउन नमुना छनौटमा परेका १२ जना महिला सहभागिहरुको व्यवहार अवलोकन गर्न निर्माण गरि व्यवहार अध्ययन गर्दा निम्नानुसारको रहेको पाइयो । अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा सहभागि भए पछि बिशेष रुपमा परिवर्तन भएका व्यवहारलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका न. ८

प्रौढ शिक्षा कार्यक्रमले महिलाको व्यवहारिक जीवनमा ल्याएको परिवर्तन

| क्र.सं. | व्यवहारिक जिवनमा आएका परिवर्तन | उल्लेखित कार्य गर्न सक्ने १२सहभागि मध्ये | प्रतिशत |
|---|---|---|---|
| १ | गाडिको नम्बर,संघ सस्थाको स्थापना साल हेरेर भन्न सक्ने | १० | ८३ |
| २ | साधारण चिठ्ठी पढ्न र लेख्न सक्ने | ९ | ७५ |
| ३ | छोराछोरीलाई क,ख...अ,आ...१,२... पढाउन सक्ने | ११ | ९२ |

| | | | |
|---|---|---|---|
| ४ | जोड घटाउको हिसाब गर्न सक्ने | ८ | ६७ |
| ५ | गूणन भाग को हिसाब गर्न सक्ने | ३ | २५ |
| ६ | दस्तखत गर्न सक्ने | १२ | १०० |
| ७ | व्यक्तिगत सरसफाईमा ध्यान दिने | १२ | १०० |
| ८ | वातावरणिय सरसफाईमा ध्यान दिने | १० | ८३ |
| ९ | समाजका मुद्दा प्रति चासो दिने | १० | ८३ |
| १० | सामाजिक काम गर्न नेतृत्व लिने | ८ | ६७ |
| ११ | सांस्कृतिक कार्यक्रममा सहभागिता हुने | ११ | ९२ |

स्रोत– स्थलगत अध्ययन, २०६७

महिला प्रौढ शिक्षा कार्यक्रमले महिलाहरुको दैनिक जीवनमा ल्याएको व्यवहारीक परिवर्तन सम्बन्धमा अवलोकन गरि हेर्दा नमुना छनौटमा परेका जम्मा १२ जना सहभागि मध्ये १० जना महिलाले (८३ प्रतिशतले) गाडिको नम्बर र संघ सस्थाको स्थापना साल बताउन सक्ने रहेछन । छनौटमा परेका मध्ये (७५ प्रतिशत) अत्याधिक संख्या ९ जना सहभागि महिलाले साधारण चिठ्ठी पढ्न सक्दारहेछन् । प्रौढ शिक्षा कार्यक्रममा सहभागि भएका महिलाहरु मध्येमा ११ जना अर्थात अत्याधिक संख्याले क,ख....अ,आ....१,२... आफ्ना छोराछोरीलाई पढाउन सक्दा रहेछन । त्यस्तै छनौटमा परेका मध्ये ६७ प्रतिशत महिलाले सामान्य जोड घटाउ हिसाब गर्न सक्दा रहेछन । त्यस्तै जम्मा (२५ प्रतिशत) ३ जना महिलाले मात्र गूणन भाग का हिसाब गर्न सक्दा रहेछन् । छनौट गरिएका महिलामध्ये सबैजना महिलाले दस्तखत गर्न जानेको व्यवहार अवलोकनबाट थाहा भयो । छनौटमा परेका महिलाको व्यवहार अवलोकन र असंरचित अन्तर्वार्ता बाट जानकारी भए अनुसार प्रौढ कक्षामा सहभागि सबै महिलाले व्यक्तिगत सरसफाईमा ध्यान दिएको पाईयो । नमुना छनौटमा परेका महिला मध्ये ८३ प्रतिशतले आफ्नो वरपरको वातावरण सफाईमा ध्यान दिएको पाईयो । त्यसैगरि १० जना महिलाले (८३ प्रतिशत) समाजका मुद्दाप्रति चासो दिने गरेको जानकारि भयो । छनौटमा परेका महिला मध्ये ८ जना महिलाले (६७ प्रतिशतले) समाजका कार्य गर्न नेतृत्व लिन इच्छुक रहेको पाइयो । विभिन्न किसिमका सांस्कृतिक कार्यक्रममा सहभागिता सम्बन्धि अवलोकन तथा अन्तर्वार्ता लिदा अत्याधिक महिलाले (९२ प्रतिशत महिला) अर्थात ११ जना महिलाले सहभागि हुने भनि उत्तर दिए । यसरी समग्रमा भन्नुपर्दा छनौटमा परेका महिलाको व्यवहार अवलोकन गर्दा महिला प्रौढ शिक्षाले दैनिक जिवन व्यवहारमा सकारात्मक परिवर्तन ल्याई साक्षर बनाई साक्षरता कार्यक्रमा टेवा पुर्‍याएको पाइयो ।

यसरी माथि उल्लेख गरिएका सूचनाका आधारमा महिलाका व्यवहार सम्बन्धि गरिएको अध्ययनमा छोराछोरीको पढाईमा सहभागि सबै महिलाले ध्यान पूर्याउने गरेको पाईयो । त्यस्तै सहभागि सबै महिलाले आफ्नो दस्तखत गर्न सक्ने भएको पाईयो । महिलाले प्रौढ शिक्षा कार्यक्रमा सिकेको सिकाईका कारण व्यक्तिगत सरसफाई, वातावरणिय सरसफाईमा सहिरुपमा ख्याल राख्न लागेको पाइयो । महिलाले आफुलाई आवश्यक पर्ने हिसाब गर्न सक्ने भएको पाईयो । महिलाहरुमा सामाजिक द्धन्दले कस्तो छाप पारेको छ भन्ने सन्दर्भमा व्यवहार अवलोकन तथा अन्तर्वार्ता मार्फत सूचना संकलन गर्दा सबै महिलाले अरुका धर्म तथा संस्कृति प्रति सकारात्मक धारणा व्यक्त गरेको पाइयो ।

### ४.९ छनौटमा परेका महिलाको व्यवहार (बोलिचाली तथा रहनसहन) –

छनौटमा परेका १२ जना महिलाहरुको प्रौढ कक्षामा सहभागि भए पछि बोलीचालीमा कस्तो परिवर्तन भयो भनि सोध्दा तथा अवलोकन गर्दा निम्न तालिकामा देखाईए अनुसार व्यवहार परिवर्तन तथा विकास भएको पाइयो । सहयोगीलाई प्रश्न गरी आएको उत्तर, महिलालाई अन्तर्वार्ता लिदा आएको उत्तर अनि प्रत्यक्ष भेटेर गरिएको व्यवहार अवलोकन बाट आएको प्राप्तिलाई एकिकृत गरि निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका न. ९

प्रौढ कक्षामा सहभागि महिलाको बोलिचालीमा भएको परिवर्तन

| क्र.सं. | व्यवहारहरु | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ मानिस घरमा आउदा राम्रो स्वागत गर्ने | ८ | ६७ | |
| २ | नमस्कार गर्दा नमस्कार फर्काउने | ८ | ६७ | |
| ३ | नयाँ मानिस किन आएको भनि चासो दिने | ७ | ५८ | |
| ४ | स्पस्ट नेपालीमा कुराकानी गर्ने | १० | ८३ | |
| ५ | सोधेको कुरा बताउने | ११ | ९२ | |
| ६ | पहिरनमा छरितो लुगा लगाउने | ८ | ६७ | |
| ७ | पुरानै पहिरनमा बस्ने | ४ | ३३ | |

स्रोत– स्थलगत अध्ययन, २०६७

प्रौढ शिक्षामा सहभागि महिलाको बोलिचालिमा आएको परिवर्तन जानकारी लिनका लागि गरिएको व्यवहार अवलोकन, अप्रत्यक्ष अन्तर्वार्ता, सहयोगि कार्यकर्ता्बाट प्राप्त भएका सुचनालाई माथि प्रस्तुत गरिएको तालिकामा उल्लेख गरिएको छ । जसमा नयाँ मानिस घरमा आउदा आदरार्थी शब्द प्रयोग गर्ने ८ जना महिला (६७ प्रतिशत) रहेको पाईयो, त्यस्तै नमस्कार जस्ता आदरार्थी शब्द प्रयोग गर्ने ८ जना (६७ प्रतिशत) महिला रहेको पाईयो । नयाँ मानिस आफ्नो घरमा आउनुको कारण जान्न खोज्ने ७ जना (५८ प्रतिशत) महिला रहेछन् । त्यसैगरि स्पस्ट नेपाली भाषामा कुराकानी गर्ने १० जना (८३ प्रतिशत) रहेको पाइयो । त्यस्तै सोधेका कुरा बताउने ११ जना (९२ प्रतिशत) रहेको पाईयो । त्यस्तै पहिरनमा कामकाज गर्दा सजिलो होस भनि छरितो लुगा लगाउने ८ जना महिला रहेको (६७ प्रतिशत) अवलोकनबाट जानकारी भयो । त्यसैगरि पूरानै पहिरन ( कामकाजमा अप्ठ्यारो पार्ने लुगा ) लगाउने ४ जना (३३ प्रतिशत) महिला रहेको पाईयो ।

यसरी जो कोहिको पनि व्यवहार परिवर्तन गर्नकालागि शिक्षा अत्यन्त जरुरी भएको स्पस्ट हुन्छ । माथि उल्लेख भए अनुसार नवलपरासी जिल्लामा सञ्चालन भएको अनौपचारिक शिक्षा कार्यक्रममा सहभागी महिलाहरु सामाजिक परिवेश अनुसारका कृयाकलाप गर्न सिकेको पाईयो । त्यस्तै महिलाहरु सत्कार तथा नयाँ कुरा जान्नकालागि उत्सुक रहेको पाइयो । महिलाले क्रियाकलाप गर्नकालागि सजिला लुगा लगाउन पनि सिकेको पाईयो ।

### ४.१० प्रौढ सहयोगी कार्यकर्ताको विवरण –

सहयोगि कार्यकर्ताको जाति, उमेर, योग्यता, वैवाहिक स्थिती र पारिवारिक विवरण थाहा पाउन सहयोगीकार्यकर्ताका लागि प्रश्नावली तयार पारिएको थियो । उक्त प्रश्नावलीमा पाइएको सूचना तथा प्राप्त विवरणलाई अनुसूचि ७ मा प्रस्तुत गरिएको छ ।

अनौपचारिक शिक्षा नियमावलीमा प्रौढ सहयोगीकार्यकर्ताको शैक्षिक योग्यता कम्तिमा एस.एल.सी. पास हुनुपर्ने व्यवस्था भएपनि अध्ययन गर्ने क्रममा पाइएको सुचना अनुसार आधा भन्दा बढि सहयोगी एस.एल.सी. फेल भएर पनि सहयोगीको भूमिका निभाएको पाइयो । छनौटमा चारवटा समुहका चारजना सहयोगी मध्येमा एक जना आई.ए. पास गरेकि रहिछन भने १ जना सहयोगि ले एस.एल.सी. पास गरेकी रहिछन, त्यस्तै २ जना सहयोगी एस.एल.सी. फेल भएका महिलाले कार्यक्रमा सहयोगीको भूमिका निभाएको पाइयो ।

## परिच्छेद – पाचँ

## प्राप्ती, निष्कर्ष तथा सुभावहरु

### ५.१ प्राप्तीहरु

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन समूह अन्तर्गत स्नातकोत्तर तह द्वीतिय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि नवलपरसी जिल्लामा सञ्चालित **"अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले महिलामा पारेको प्रभाव"** शीर्षक अन्तर्गत गरिएको अध्ययनका क्रममा प्राप्त भएका विभिन्न तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण गरि प्राप्त भएका प्राप्तिलाई यहाँ बुदागत रुपमा उल्लेख गरिएको छ ।

- प्रौढ शिक्षा कार्यक्रममा भर्ना भएका महिलाहरु मध्ये औषतमा २१ प्रतिशत महिला पूर्ण रुपमा नियमित हुने गरेको पाइयो ।
- प्रौढ कक्षामा सहभागि भए पछि कक्षा सञ्चालनको क्रममा नै बिचैमा कक्षा आउन छाड्नेको संख्या औषतमा २२ प्रतिशत रहेको पाइयो ।
- अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाको अनियमितता थाहापाउन गरिएको अध्ययन बमोजिम नमूनाका रुपमा लिइएका १२ जना महिलामा गरिएको अध्ययन अनुसार अनियमितताको मुख्य कारण घरयासि कामकाज , बालबच्चाको हेरचाह, स्वयं सहभागि महिला बिरामि भएर र अन्य विभिन्न कारणले अनियमित हुने गरेको पाइयो ।
- अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा सहभागि हुने महिला २५ देखि ३० वर्ष उमेर समुहका अत्याधिक हुने गरेको पाइयो ।
- प्रौढ शिक्षा कार्यक्रममा ४० वर्ष उमेर भन्दा बढि उमेर समुहका महिलाहरु अन्तर्गत न्यूनमात्रामा सहभागि हुने गरेको पाइयो ।
- प्रौढ शिक्षा कार्यक्रमा सहयोगिको भूमिका निभाउने महिला ३० देखि ३५ वर्ष उमेरका बढि रहने गरेको पाइयो ।
- अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा सहभागि हुनकालागि महिलालाई प्रोत्साहन गर्ने माध्यमका बारेमा गरिएको अध्ययन अनुसार सहयोगी कार्यकर्ताले पढ्न प्रोत्साहान गरेर पढ्न थालेको भनि उत्तर दिने महिला अत्याधिक रहेको, त्यस्तै आफ्नै श्रिमानले पढ्नलाई प्रोत्साहन गर्ने महिला ३३ प्रतिशत रहेका, त्यस्तै गाउँ घर वरपर अन्य महिलाले पढेर जान्ने भएको, टेलिभिजनमा पढ्नु पर्छ भन्ने सम्बन्धि विभिन्न जानकारी प्रदान गरिएकाले सोहिबाट प्रभावित भई प्रौढ शिक्षामा सहभागि भएको पाइयो ।

- प्रौढ शिक्षा कार्यक्रमप्रति महिलाहरु र अन्य पक्षको धारणाकस्तो रहेछ भनि गरिएको अध्ययन बाट महिलाहरु, अभिभावकहरु, सहयोगि कार्यकर्ताहरुको धारणा सकारात्मक व्यक्त गर्ने अत्याधिक पाइए ।
- के कस्ता शैक्षिक स्तर भएका प्रौढ कक्षाका सहयोगि  रहेछन् भनि गरिएको अध्ययन अनुसार छनौट गरिएका चारवटा समुह मध्ये एक जना सहयोगि एस.एल.सी. पास भएकी, एक जना सहयोगीले आई.ए. पास गरेकी रहिछन भने बाकि दुई जना सहयोगी कार्यकर्ता एस.एल.सी. फेल भएका रहेछन् ।
- अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा सहभागि महिलाको शैक्षिक व्यवहारमा निम्न परिवर्तनहरु ल्याएको पाइयो –

  स्वर वर्ण पढ्न लेख्न जान्ने महिला १०० प्रतिशत, व्यञ्जन वर्ण लेख्न पढ्न जान्ने १०० प्रतिशत महिला, बाह्रखरि लेख्न सक्ने ९२ प्रतिशत रहेको र पढ्न सक्ने १०० प्रतिशत महिला, नेपाली शब्द र नेपाली अंक लेख्न र पढ्न सक्ने ९२ प्रतिशत महिला, नेपाली भाषामा लिखित वाक्य लेख्न र पढ्न सक्ने ८३ प्रतिशत महिला, पत्रपत्रिकाका मुख्य अंश पढ्न र लेख्न सक्ने महिला ७५ प्रतिशत रहेको पाईयो ।

- अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले सहभागि महिलाको व्यवहारिक जीवनमा के कस्तो परिवर्तन ल्याएको छ भनि गरिएको अध्ययनमा निम्नानुसार भएको पाइयो ।

  छोराछारीलाई क,ख...अ,आ...१,२...पढाउन, लेखाउन सहभागि सबै महिलाले सक्ने गरेको, गडिको नम्बर, संघ संस्थाको स्थापना वर्ष र जीवनमा वातावरणिय सरसफाई को बारेमा चासो दिने ८३ प्रतिशत महिला,समाजका मुद्दा प्रतिको चासो, देखाउने महिला छनौटमा परेका मध्ये ८३ प्रतिशत रहेको, समाजका काममा नेतृत्व गर्न खोज्ने महिला ६७ प्रतिशत रहेको, सांस्कृतिक कार्यक्रममा सहभागि हुने महिला ९२ प्रतिशत रहेको, आफ्नो दस्तखत गर्न सक्ने महिला १०० प्रतिशत रहेको, दैनिक जीवनमा आइपर्ने हिसाब गर्न सक्ने महिला ६७ प्रतिशत रहेको, दैनिक जीवनमा नै आइपर्ने हिसाब अन्तर्गतको गुणन भाग गर्न सक्ने महिला, २५ प्रतिशत रहेको र साधारण चिठ्ठी पढ्न र लेख्न सक्ने ७५ प्रतिशत महिला रहेको रहेको पाईयो ।
- छनौटमा परेका १२ जना महिलाको व्यवहार परिवर्तन सम्बन्धि गरिएको अध्ययन अवलोकन अनुसार उनिहरुको व्यवहार रहनसहन तथा बोलिचाली निम्नानुसारको पाइयो–

  नयाँ मानिस घरमा आउदा राम्रो व्यवहार गर्ने अधिक संख्यामा महिला,

नमस्कारलाई स्विकार गरि नमस्कार फर्काउने महिलाको संख्या अधिक रहेको, नयाँमानिस आउनुको कारण प्रति चासो देखाउने ७ जना महिला, स्पस्ट रुपमा नेपाली भाषामा कुराकानी गर्न सक्ने १० जना महिला, सोधेको कुरा बताउने ११ जना, छरितो किसीमको पहिरन लगाउने ८ जना, पुरानै पहिरनमा बस्ने ४ जना महिला रहेको पाईयो ।

- अध्ययनका लागि छनौटमा परेका १२ महिलाको दैनिक जिविकोपार्जनको पेशा के रहेछ भनि गरिएको अध्ययनमा

कृषि पेसा अपनाउने ४२ प्रतिशत, ज्याला मजदुरी गर्ने २५ प्रतिशत, अरुको घरमा काम गर्ने २५ प्रतिशत, ब्यापार व्यवसाय गर्ने ३३ प्रतिशत, र अन्य व्यवसाय तथा पेशा गर्ने १७ प्रतिशत रहेको पाईयो ।

- प्रौढ केन्द्र तराई वासिको वाहुल्यता रहेको स्थानमा रहेकाले प्रौढ कक्षामा सहभागि महिला पनि मधेसी मूलका अत्याधिक थिए ।
- प्रौढ कक्षामा सहभागि महिला अधिकाशं विवाहित रहेको पाइयो ।
- प्रौढ कक्षा सञ्चालनका क्रममा सहयोगीको भुमिका निभाउने महिला विवाहित नै रहेको पाइयो ।
- प्रौढ कक्षा सार्वजनिक विदाका दिनमा बाहेक अन्य दिनमा नियमित रुपमा चल्ने गरेको पाइयो ।
- अनौपचारिक प्रौढशिक्षाको यस तह पूरा गरेपछि उपल्ला तहमा पनि सम्भव भए सम्म महिलाहरु सहभागि हुने इच्छा व्यक्त गरेको पाइयो ।

## ५.२ निष्कर्षहरु

नेपालको साक्षरता अभियानमा अनौपचारिक शिक्षाको महत्वपूर्ण भूमिका रहदै आएको छ । अनौपचारिक शिक्षा कार्यक्रमहरु मध्ये महिला प्रौढ शिक्षा कार्यक्रमले विगत केहि समयदेखि महवपूर्ण भूमिका खेल्दै आएको छ । यो कार्यक्रमले पनि समाजको मूल धारामा समायोजन हुन नसकेका महिला वर्गलाई साक्षर हुने अवसर प्रदान गर्दै उज्जल भविष्यको सपना पूरा गरेको छ । यस अध्ययनका क्रममा प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा निम्न लिखित निष्कर्षमा पुगिएको छ ।

अध्ययनबाट प्राप्त भएको सुचनाका आधारमा प्रौढ शिक्षा कार्यक्रममा महिलाको सहभागिता कक्षाको अन्त्य सम्म अत्याधिकसहभागि भएको पाइयो । महिलाहरु घरयासी कामकाजमा अल्फिनु परेकाले शैक्षिक कार्यक्रममा धेरै समय दिन नसकेको पाइयो ।

सहभागि भएका महिलाहरु मध्ये २५ देखि ३० वर्ष उमेर समुहका महिला अधिक संख्यामा भएको पाइयो । ४५ वर्ष उमेर भन्दा बढि उमेरका महिला पनि प्रौढ शिक्षाकार्यक्रममा नियमितताका साथ उपस्थित भएको पाइयो । महिलाहरुलाई उपस्थित हुनमा प्रोत्साहन गर्नेमा मुख्य रुपमा सहयोगी कार्यकर्ता र उनिहरुका श्रीमान रहेको पाइयो ।

सहभागि महिलाहरुले स्वर वर्ण, व्यञ्जन वर्ण, बाह्रखरि पूर्ण रुपमा लेख्न पढ्न जानेको पाइयो भने नेपालीमा लेखिएका शब्द, वाक्य, नेपाली अंक पनि सन्तोषजनक रुपमा सिकेको, बिज्ञापनका लेख, पत्रिकाका मुख्य अंश, पढ्ने गरेको पाइयो । त्यस्तै महिलाहरुले व्यवहारिक जीवनमा आउने कुराहरु मध्ये गाडिको नम्बर पढ्न सक्ने, छोराछोरीलाई क,ख..१,२..अ,आ..सिकाउन सक्ने, वातावरणिय सरसफाई, समाजका मुद्दा प्रति चासो, सांस्कृतिक कार्यक्रममा सहभागिता आदि जस्ता मुख्य विषयमा विशेष प्रगति भएको पाइयो ।

## ५.३ सुझावहरु

कुनैपनि कार्यक्रम सञ्चालन गरेपछि सो कार्यक्रमा जति धेरै सबल पक्ष भएपनि कार्यक्रमका कमि कम्जोरी भेटिने गर्दछन् । यसरी कार्यक्रमलाई प्रभावकारि रुपमा सञ्चालन गर्न र आउने दिनमा सो कार्यक्रमबाट अझ उपलब्धि हासिल गर्न देखिएका कमि कमजोरीलाई न्यूनिकरण गर्ने प्रयास गर्नु पर्दछ । यसै शिलसीलामा यस प्रौढ शिक्षा सम्बन्धि गरिएको अध्ययनबाट सञ्चालनका क्रममा भेटिएका कमि कमजोरीलाई कमगर्न निम्नानुसारका सुझाव प्रदान गर्न सकिन्छ–

- महिलालाई प्रौढ शिक्षा सम्बन्धि सकारात्मक धारणाको विकास गर्न विभिन्न कार्यमूलक सीप सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने ।
- प्रौढशिक्षा प्रति नकारात्मक धारणा व्यक्त गर्ने महिलाको "सहयोगी कार्यकर्ताको जागिरकालागि पढ्न लागिएका" भन्ने धारणामा परिवर्तन गर्न संचार माध्यम तथा अन्य प्रक्रियाबाट चेतनामूलक कार्यक्रम संचालन गर्ने ।
- चेतनामुलक कार्यक्रममा महिलालाई पनि सहभागि गराउने ।
- महिलाले सिकेका सिकाईको मूल्यांकन गरि प्रोत्साहन मुलक व्यवहारको व्यवस्था गर्ने ।
- महिलाहरु प्राय घरयासीकामका कारण प्रौढशिक्षा कार्यक्रममा सहभागि हुन नपाएकाले खेतिपातीको कामलाई छलेर हिउदको समयमा कार्यक्रम सञ्चालन गर्न सके अझ महिलाको सहभागीता हुने देखिएको छ ।

- महिलाहरुका व्यक्तिगत धारणा बुझेर उनिहरुका धारणा अनुसार उनिहरुलाई पाएक पर्ने ठाउमा प्रौढ केन्द्र सञ्चालन गर्नु पर्छ ।
- सहयोगी कार्यकर्ता र सहभागिहरुलाई नियमित बनाउन निरिक्षण तथा अनुगमन गरिनुपर्छ ।
- प्रौढ कक्षामा आवश्यक पाठ्यसामाग्री समयमा नै उपलब्ध गराउनु पर्छ ।
- प्रौढ कक्षा सञ्चालनका क्रममा आवश्यक पर्ने सामाग्री तथा साधन स्रोत समयमा नै उपलब्ध गराउनु पर्छ ।
- महिलाको उपयुक्त समय निर्धारण गरि कक्षा सञ्चालनको समय वृद्धि गरिनुपर्ने ।
- प्रौढशिक्षा कार्यक्रममा प्रौढ शिक्षा सहयोगी नियूक्त गर्दा शैक्षिक योग्यता पुरा गरेका लाई मात्र नियूक्त गर्नु पर्छ ।

## ५.४ थप अध्ययनका लागि सम्भावित शिर्षकहरु

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहको पाठ्यक्रम तथा मूल्याङ्कन समूह स्नातकोत्तर तह द्धितिय वर्षको अध्ययनका क्रममा आंशिक आवश्यकता परिपूर्तिका लागि “अनौपचारिक शिक्षा कार्यक्रमले महिलामा पारेको प्रभाव” शिर्षकका लागि गरिएको अध्ययन अनुभवका आधारमा भविष्यमा गर्न सकिने सम्भावित अध्ययनका शिर्षकहरु निम्नानुसार रहेका छन् ।

- महिला प्रौढ शिक्षामा सहभागि दलित तथा गैर दलित महिलाहरुको साक्षरता उपलब्धिको तुलनात्मक अध्ययन ।
- नेपालमा प्रौढ शिक्षामा आदिवासी तथा जनजातीको सहभागीता तथा प्रभावकारीता सम्बन्धि अध्ययन ।
- अनौपचारीक प्रौढ शिक्षा कार्यक्रमले दलित महिलामा पारेको प्रभाव ।
- अनौपचारिक शिक्षाले साक्षरता वृद्धिमा ल्याएको परिवर्तन सम्बन्धि अध्ययन ।
- अनौपचारिक शिक्षा कार्यक्रमले १५ वर्ष उमेर समूह भन्दा माथिको उमेर समूहका महिलामा पारेको प्रभाव ।

## सन्दर्भग्रन्थहरु


Abraham, M. Fransis. (1998) *Modern sociological theory, An introduction*. YMCA Library Building: JaySingh road, New Delhi.

Koirala, Bidhyanath. (1986). *Women's participation in non-formal education programe in Nepal*. A study report: CERID. T U.

National Dalit Commission. (2062). *Dalit in Nepal (Volume 1)*. Thapathali Kathmandu: Auther.

Punkuti and othorers. (2006). *Demographic and socio-economic survey of Dalit*. Lalitpur Kathmandu: NAB press, Kathmandu, Nepal.

अनौपचारिक शिक्षा केन्द्र,(२०६६),*साक्षरता विशेषाकं,* भक्तपूर : नेपाल ।

अधिकारी, विष्णु प्रसाद (२०६६), *शैक्षिक निरिक्षण र नेपालको शैक्षिक प्रणाली,* बागबजार, काठमान्डौ : आशिष बुक्स हाउस प्रा. बागबजार काठमान्डौ ।

आचार्य, बलराम (२०६५), *समाजशास्त्र सैद्धान्तिक दृष्टिकोणहरु,* किर्तिपूर, काठमान्डौ : सनलाइट पब्लिकेशन काठमान्डौ ।

कोइराला, विद्यानाथ (१९८८), *अनौपचारीक शिक्षामा महिला सहभागीता अध्ययन प्रतिवेदन,* काठमान्डौ : सेरीड, काठमान्डौ ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपूर, काठमान्डौ : सनलाइट पब्लिकेसन कीर्तिपूर, काठमान्डौ ।

चुनारा, अगबर (२०६६), *अनौपचारीक महिला प्रौढ शिक्षामा दलित महिलाहरुको सहभागीता र यसको प्रभावकारीता एक अध्ययन,* महेन्द्र रत्न क्याम्पस ताहाचल काठमान्डौ : अप्रकाशित शोध ।

ढकाल, सोमनाथ (२०६५), *शिक्षाका आधारहरु,* काठमान्डौ : जुपिटर प्रकाशन, कीर्तिपूर, काठमान्डौ ।

नेपाल क्रान्तीकारी शिक्षक संघ (२०६०,वैशाख), *शिक्षक मासिक पत्रिका,* भक्तपूर : जिल्ला समिती भक्तपूर ।

प्राध्यापक संगठन (२०६६), *गन्तव्य अनुसन्धान पत्रिका, शिक्षा आयोग प्रतिवेदन विशेषङ्क,* वल्खु : काठमान्डौ ।

बस्नेत, होम बहादुर (२०५५), *महिला अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारीता,* त्रिभुवन विश्वविद्यालय, कीर्तिपूर, काठमानडौ : अप्रकाशित शोधपत्र ।

भन्डारी, केशर बहादुर (२०५७), *अनौपचारिक महिला शिक्षा कार्यक्रमको प्रभावकारीता,* त्रिभूवन विश्वविद्यालय, कीर्तिपूर, काठमान्डौ : अप्रकाशित शोधपत्र ।

राष्ट्रिय दलित आयोग (२०६०), *दलित समुदायको मानव अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय महासन्धि र नेपाल कानून,* काठमान्डौ :अन्नपूर्ण अफसेट प्रेस लाजिम्पाट, काठमान्डौ ।

विष्ट, गोविन्द बहादुर (२०६५), *महिला शिक्षा दोश्रो कार्यक्रममा सहभागी महिलाहरुको ज्ञान सीप र व्यवहार,* त्रिभुवन विश्वबिद्यालय कीर्तिपूर, काठमान्डौ : अप्रकाशित शोध पत्र ।

विष्ट, प्रेमसिंह (२०६१), *जनसंख्या शिक्षको आधार,* बागबजार काठमान्डौ : भुँडीपुराण प्रकाशन, काठमान्डौ ।

शर्मा, गोपिनाथ (२०४३), *शिक्षामा नेपालको इतिहास,* ठमेल काठमान्डौ : सम्भना प्रेस, काठमान्डौ ।

## अनुसूचि –१

**प्रौढशिक्षा कार्यक्रममा सहभागी महिलाको परिवर्तन भएको व्यवहार अवलोकन फारम**

प्रौढ केन्द्रको नाम–............................................. मिति–............

महिलाको नाम–.............................................

ठेगाना–..............................

जम्मा सहभागि महिलाको संख्या–.........................

*(त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग अन्तर्गत एम.एड. द्धितीय वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशीष्टिकरण विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि आवश्यक शोधपत्र तयारपार्न निर्माण गरिएको । )*

(१) शैक्षिक पक्षसँग सम्बन्धित

| | साक्षरता सम्बन्धि | पढ्न | | लेख्न | |
|---|---|---|---|---|---|
| | | सक्ने | नसक्ने | सक्ने | नसक्ने |
| क | स्वर वर्ण (अ,आ.........) | | | | |
| ख | व्यञ्जन वर्ण (क,ख........) | | | | |
| ग | बह्रखरी (क,का......) | | | | |
| घ | शब्द | | | | |
| ड | वाक्य | | | | |
| च | नेपाली अंक (१,२..........) | | | | |

(२) नेपाली पत्रिकाका मुख्य अंश पढ्न सक्छन ?

..........................................................................

(३) तपाईका साथिहरु सामान्य हिसाब गर्न सक्छन ?

...............................................................................

कुन–कुन गर्न सक्छन ?

जोड .......... घटाउ..........गुणन ...................... भाग.....................

(४) साथिहरु निर्धक्क रुपमा आफ्ना भावना व्यक्त गर्न सक्छन ?

..........................................................................................

(५) कुनैकुरामा नेतृत्व गर्न अगाडि सर्छन ?

.............................................................................................

(६) तपाईका साथिहरुको सांस्कृतिक पक्षमा कस्तो परिवर्तन भएको छ ?

.............................................................................................

(७) बोलिचालीमा कस्तो परिवर्तन भएको छ ?

.............................................................................................

(८) तपाईका साथिहरु व्यक्तिगत सरसफाईमा कत्तिको ध्यान दिन्छन ?

............................................................................................

के के कुरामा ध्यान दिन्छ ?

...................................................................................................

(९) वातावरणिय सरसफाईमा कस्तो परिवर्तन भएको छ ?

..........................................................................................................

के के कुरामा परिवर्तन भएको छ ?

.............................................................................................................

(१०) तपाईको साथिको यस कक्षामा पढ्नाले आय आर्जनमा कत्तिको परिवर्तन भएको छ ?

...................................................................................................................

(११) समसामयिक समस्या प्रति कत्तिको चासो दिनुहुन्छ ?

...................................................................................................................

हस्ताक्षर........

मिति.............

सहयोगको लागि धन्यवाद ।

## अनुसूचि –२

**प्रौढशिक्षा कार्यक्रममा सहभागि भैरहेका महिलाकालागि असंरचित अन्तर्वाता प्रश्नावली**

नाम –........................................................ मिति –.................

उमेर –........................................................ ठेगाना –....................

केन्द्रको नाम –........................................................ परिवार संख्या –................

*(त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग अन्तर्गत एम.एड. द्धितीय वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशीष्टिकरण विषयको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि आवश्यक शोधपत्र तयारपार्न निर्माण गरिएको । )*

प्र.१ यस प्रौढ केन्द्रबाट तपाइको घर कति टाढा छ ? यहाँ आउन कुनै समस्या त छैन ?

.........................................................................................

प्र.२ दिनहु पढ्न आउनुहुन्छ ?

.........................................................................................

नआउनाका कारण..........................................

प्र.३ कहिले देखि पढ्न आउन थाल्नु भएको हो ?

.........................................................................................................

प्र.४ कस्को प्रेरणा पाएर पढ्न आउनु भएको हो ?

.......................................................................................................

प्र.५ आज सम्म के के सिक्नुभयो ?

पढ्न.................

लेख्न..........................

प्र.६ यस कक्षामा आउनमा परिवारबाट कत्तिको सहयोग पाउनुभएको छ ?

.........................................................................................

सवैभन्दा बढि कस्को.....................

प्र.७ प्रौढ कक्षा सञ्चालन गरेको सरकारको नीति प्रति कस्तो धारणा व्यक्त गर्नुहुन्छ ?

................................................................................................

प्र. ८ पढ्न आएर आफुले कस्तो गरे जस्तो लाग्छ ?

................................................................................................

प्र.९ सहयोगी कार्यकर्ताले तपाईहरुलाई कस्तो व्यवहार गर्नुहुन्छ ?

....................................................................................................

भेदभाव............... असमानता.................अन्य........................

प्र.१० तपाइको परिवारको जिविकोपार्जन गर्ने पेशा के हो ?

.....................................................................................

तपाइको पेशा के हो ?

....................................................................................

प्र.११ प्रौढ शिक्षाबाट पढेर जानेको कुराले आफ्नो पेशामा कस्तो सहयोग भएको छ ?

..................................................................................................

प्र.१२ कहिले सम्म पढ्न आउनु हुन्छ ?

....................................................................................................

प्र.१३ कक्षामा कत्तिको छलफल गर्नुहुन्छ ?

तल उल्लेख गरिएका पक्षमा के कस्तो छलफल हुन्छ ?

सरसफाई सम्बन्धि..........

सास्कृतिक पक्ष सम्बन्धि.............

प्र.१४ तपाईले सम–सामयिक मुद्दा प्रति कत्तिको चासो दिनुहुन्छ ?

........................................................................................................

प्र.१५ प्रौढ शिक्षा पढेर निम्न रुपमा उल्लेख गरिएका पक्षमा के कस्तो परिवर्तन भएको अनुभव गर्नु भएको छ ?

समुह निर्माण....................................................................

भावना व्यक्त......................................................................

चाडपर्व मनाउने.................................................................

समारोहमा जाने..................................................................

अन्य धर्म प्रति चासो.............................................................

हस्ताक्षर.....

.मिति........

सहयोगको लागि धन्यवाद ।

## अनुसूचि –३

**प्रौढशिक्षा कार्यक्रममा सहभागि भैसकेका महिलाकालागि असंरचित अन्तर्वाता प्रश्नावली**

नाम – .................................................................. मिति –...................

उमेर –................................................................ ठेगाना –.................

केन्द्रको नाम –................................................................ परिवार संख्या –............

*(त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र केन्द्रिय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत एम.एड. द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि आवश्यक शोधपत्र तयारपार्न निर्माण गरिएको । )*

प्र.१ तपाईको घरबाट प्रौढ केन्द्र कति टाढा थियो ?

.......................................................................

प्र.२ दिनहु जानुहुन्थ्यो ?

............................................................................

नजानुको कारण..........................................

प्र.३ कहिले देखि पढ्न जानथाल्नु भएको ?

....................................................................................

प्र.४ कस्को प्रेरणा पाएर पढ्न जानु भएको हो ?

......................................................................................

प्र.५ के के सिक्नुभयो ?

पढ्न.................

लेख्न..........................

प्र.६ प्रौढ कक्षामा जानुमा परिवारबाट कत्तिको सहयोग पाउनुभएको थियो ?

..........................................................................................

सबैभन्दा कस्को बढि.....................

प्र.७ प्रौढ कक्षा सञ्चालन गरेको सरकारको नीति प्रति कस्तो धारणा व्यक्त गर्नुहुन्छ ?

..................................................................................................

प्र.८ पढन गएर राम्रो गरे जस्तो लाग्छ ?

......................................................................................................

प्र.९ सहयोगी कार्यकर्ताले कस्तो व्यवहार गर्नुहुन्थ्यो ?

..............................................................................................

भेदभाव............... असमानता................अन्य....................

प्र.१० तपाइको परिवारको पेशा के हो ?

....................................................................................................

तपाइको पेशा................................

प्र.११ प्रौढ शिक्षाबाट पढेर जानेको ज्ञानले आफ्नो पेशामा कस्तो सहयोग भएको छ ?

........................................................................................

प्र.१२ कहिले सम्म पढ्न जानु भयो ?

.....................................................................................

प्र.१३ कक्षामा कत्तिको छलफल गर्नुहुन्थ्यो ?

.........................................................................................................

सरसफाई..............

सास्कृतिक पक्ष..............

वातावरणिय पक्ष.................

पारिवारीक पक्ष............................

प्र.१४ समसामयिक मुद्दा प्रति कत्तिको चासो दिनुहुन्छ ?

..........................................................................................................

प्र.१५ प्रौढ शिक्षा पढेर महिलाहरुमा निम्नानुसार उल्लेख गरिएका पक्षमा के कस्तो परिवर्तन भएको अनुभव गर्नु भएको छ ?

समुह निर्माण..........

भावना व्यक्त...............

चाडपर्व मनाउने...............

समारोहमा जाने................

अन्य धर्म प्रति चासो..............

ह्स्ताक्षर......

मिति........

सहयोगको लागि धन्यवाद ।

## अनुसूचि –४

**प्रौढशिक्षा कार्यक्रममा सहभागि भैरहेका र भैसकेका महिलाका परिवारका लागि असंरचित अन्तर्वाता प्रश्नावली :**

नाम –.........................                              मिति –...................

उमेर –.........................                              ठेगाना –..................

कार्यक्रममा सहभागि महिलासँगको नाता –.........................परिवार संख्या –............

*(त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत एम.एड. द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि आवश्यक शोधपत्र तयारपार्न निर्माण गरिएको । )*

प्र.१ घरमा कति सदस्य हुनुहुन्छ ?

जम्मा................ महिला.............

प्र.२ कति जना महिला साक्षर हुनुहुन्छ ?

.........................................................................

प्र.३ प्रौढ शिक्षा कार्यक्रममा सहभागि कति जना हुनुहुन्छ ?

...................................................................................

प्र.४ कसको प्रेरणा पाएर तपाईका घरका महिलालाई पढने वातावरण सृजना गरीदिनुभएको हो ?

.........................................................................................

प्र.५ प्रौढ शिक्षा पढेर निम्नानुसार उल्लेख गरिएका पक्षमा के कस्तो परिवर्तन तथा विकास भएको छ ?

आर्थिक..............

सामाजिक..........

राजनैतिक.........

समुह निर्माण...............

प्र.६ के–के सिकेको पाउनु भएको छ ?

पढ्न.......

लेख्न..........................

प्र.७ तपाईको घरको मुख्य पेशा के हो ?

................................................................................

प्र.८ प्रौढ शिक्षामा सहभागि महिलाले पेशा प्रति कत्तिको सहयोग गर्छन ?

.............................................................................................

प्र.९ सरकारले अपनाएको प्रौढ शिक्षा कार्यक्रमले महिलामा कस्तो प्रभाव पार्छ होला ?

...........................................................................................................

प्र.१० प्रौढ शिक्षामा सहभागि भैसके पछि सामाजिक कार्यमा कत्तिको सहभागिता पाउनु भएको छ ?

...................................................................................

प्र.११ प्रौढ कक्षामा पढ्न जाने महिलालाई के के कुरामा सहयोग गर्नुहुन्छ ?

...........................................................................................................

प्र१२ अब अन्य तहमा पढ्न जान पनि सहयोग गर्नुहुन्छ ?

.........................................................................................

हस्ताक्षर........

मिति.......

सहयोगको लागि धन्यवाद ।

## अनुसूचि –५

**प्रौढ सहयोगि कार्यकर्ताका लागि प्रश्नावली :**

नाम – ............... मिति –...........

उमेर –.................. ठेगाना –.................

शैक्षिक योग्यता – .............. परिवार संख्या –............

प्रौढ केन्द्रको नाम –....................

*त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत एम.एड. द्धितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि आवश्यक शोधपत्र तयारपार्न निर्माण गरिएको । )*

प्र.१ तपाईले कतिवटा केन्द्रमा पढाउनुभयो ?

..........................................................................................

प्र.२ तपाईको केन्द्रमा कति जना महिलाको सहभागिता छ ?

..........................................................................................

प्र.३ महिलाहरुको नियमिताको स्थिती कस्तो छ ?

..........................................................................................

प्र.४ महिलाहरु पढ्न, लेख्न कत्तिको इच्छुक हुन्छन ?

..........................................................................................

प्र.५ तपाई कति सम्मको सहयोग गर्नुहुन्छ ?

पढ्न.................. लेख्न....................

प्र.६ पढ्न आउन थालेपछि तल उल्लेखित पक्षमा महिलाहरुको कस्तो परिवर्तन पाउनुभयो ?

आर्थिक.............

सामाजिक................

सास्कृतिक...............

नेतृत्व.....................

भावना व्यक्त...............

प्र.७ सरकारले सञ्चालन गरेको यस प्रौढ शिक्षा कार्यक्रम प्रति तपाइको के धारणा छ ?

.........................................................................................................

प्र.८ महिलालाई नियमित बनाउन के कस्ता उत्प्रेरणात्मक क्रियाकलाप गर्नुहुन्छ ?

.........................................................................................................

प्र.९ समसामयिक विषयवस्तुमा महिलाहरुलाई छलफल गराउनु हुन्छ ?

.........................................................................................................

प्र.१० महिलाहरु सरसफाइ प्रति सचेत भएका छन ?

.........................................................................................

व्यक्तिगत सरसफाई..............

वातावरणीय सरसफाई.............

पारिवारिक सरसफाई.................

हस्ताक्षर........

मिति.........

सहयोगको लागि धन्यवाद ।

## अनुसूचि–६

## छनौटमा परेका महिला सहभागिहरुको वैवाहिक स्थिति र उमेरगत विवरण

| क.सं. | सहभागिको नाम थर | ठेगाना | वैवाहिक स्थिती | उमेर | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरिता खनाल | रामग्राम ७ उजेनी | विवाहित | २२ | |
| २ | टेटरी बनियाँ | रामग्राम ७ उजेनी | अविवाहित | १९ | |
| ३ | सिसकली यादव | रामग्राम ७ उजेनी | विवाहित | २४ | |
| ४ | चन्द्रावती लोहार | रामग्राम १२ कसिया | विधुवा | ४८ | |
| ५ | रीता क्षेत्री | रामग्राम १२ कसिया | विवाहित | ४३ | |
| ६ | रम्भा यादव | रामग्राम १२ कसिया | विवाहित | ५४ | |
| ७ | चन्द्रवती कोहार | रामग्राम ८ वैकुण्ठपूर | विवाहित | ३९ | |
| ८ | ब्रिन्दा उपाध्याय | रामग्राम ८ वैकुण्ठपूर | विवाहित | २८ | |
| ९ | सरस्वती चौधरी | रामग्राम ८ वैकुण्ठपूर | विवाहित | ३३ | |
| १० | मनिका पाण्डे | रामग्राम १० बंजरिया | विवाहित | २८ | |
| ११ | माधुरदेवी कँहार | रामग्राम १० बंजरिया | विवाहित | ३४ | |
| १२ | हरिकला हरिजन | रामग्राम १० बंजरिया | विवाहित | ३० | |

## अनुसुचि –७

### छनौटमा परेका प्रौढ केन्द्रको नाम ठेगाना र सहयोगी कार्यकर्ताको विवरण

| क्र.सं. | प्रौढ केन्द्रको नाम ठेगाना | सहयोगी कार्यकर्ताको नाम | सहयोगी कार्यकर्ताको उमेर | वैवाहिक स्थिती | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामग्राम न.पा. ७ उजेनी नवलपरासी | भगवन्ति वि.क. | २८ | विवाहित | |
| २ | रामग्राम न.पा. ८ वैकुण्ठपूर, नवलपरासी | व्यासमुटी केपट | २५ | विवाहित | |
| ३ | रामग्राम न.पा. १० वंझरीया, नवलपरासी | जानकी चौधरी | ३३ | विवाहित | |
| ४ | रामग्राम न.पा. १२ कसिया, नवलपरासी | प्रमिला यादव | ३१ | विवाहित | |